मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक १८२ ● २०८२ साल जेष्ठ ०२ गते शुक्रबार ● Friday 16, May 2025 ● सूर्योदयः बिहान ५:१७ बजे ● सूर्यास्तः साँझ ६:४६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## घट्यो इन्धनको भाउ

**जनकपुरधाम ।**
नेपाल आयल निगमले शुक्रबारदेखि लागु हुने गरी पेट्रोलको मूल्य प्रतिलिटर एक रुपैयाँ र डिजेल तथा मट्टीतेलको मूल्य प्रतिलिटर तीन रुपैयाँका दरले घटाएको छ । योसँगै काठमाडौँ, पोखरा र दिपायलमा पेट्रोल र डिजेलको मूल्य प्रतिलिटर क्रमशः १ सय ५७ र १ सय ४२ रुपैयाँ, सुर्खेत र दाङमा क्रमशः १ सय ५६ र १ सय ४१ रुपैयाँ तथा बाँकी ठाउँमा १ सय ५४ रुपैयाँ ५० पैसा र १ सय ३९ रुपैयाँ ५० पैसा कायम भएको छ । इन्डियन आयल कर्पोरेसनबाट बिहीबार प्राप्त मूल्य सूचीअनुसार मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।
यसअनुसार पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ ८ पैसा र डिजेल २ रुपैयाँ ८० पैसाले मूल्य घटेर आएको छ ।

# वित्तीय अनुशासन अभाव, थपियो १ अर्ब बेरुजु

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारमा आर्थिक अनुशासन अभाव देखिएको छ । संघीयताको जननीका रुपमा मधेश प्रदेशलाई लिने गरिएको चर्को भाषण गर्ने मधेश सरकारका मन्त्रीहरु भने आर्थिक अनुशासन सुधार गर्न खासै क्रियाशील हुनसकेका छैनन् । मधेश प्रदेशमा रहेक वर्ष बेरुजुको अवस्थामा सुधार आउन सकेको छैन । महालेखा लेखा परीक्षकको आर्थिक वर्ष २०८१ मा प्रदेश सरकारी कार्यालय र समिति तथा अन्यसंस्थाको लेखापरीक्षणबाट औंल्याइएको बेरुजु १ अर्ब १६ करोड ३८ लाख २ हजार रुपैयाँ छ ।
जसमा असुल उपर गर्नुपर्ने १० करोड ७६ लाख ९ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ६ करोड १ लाख ७९ हजार रुपैयाँ देखिएको छ । यस्तै, १७ करोड ४२ लाख ८६ हजार रुपैयाँ अनियमितता भएको छ । त्यसैगरी प्रमाण कागजात पेश नभएको बेरुजु ६ करोड ५ लाख ९३ हजार रुपैयाँ, पेश्की १९ करोड ६० लाख १४ हजार रुपैयाँ रहेको महालेखाको मधेश प्रदेश प्रतिवेदनमा औंल्याइएको छ । यसवर्ष प्रदेश मन्त्रालय, समिति र अन्य संस्थासमेत १ सय ५९ निकायको ४६ अर्ब ५ लाख ७ हजार रुपैयाँको लेखा परीक्षण भएको छ । १ अर्ब १६ करोड ३ लाख २ हजार रुपैयाँ बेरुजु कायम भएको छ, जुन लेखा परीक्षणको अंकको २.५३ प्रतिशत हुन आउँछ ।
हालसम्म बाँकी बेरुजुः
प्रदेश सरकारी कार्यालय तथा अन्य संस्था र समितितिर्फ गतवर्षसम्म ८ अर्ब ३१ करोड ८ लाख ५८ हजार रुपैयाँ बेरुजु रहेकामा यो वर्ष २८ करोड १२ लाख ८८ हजार रुपैयाँ सम्परीक्षण भएको छ । सम्परीक्षणबाट थप भएको १ करोड १ लाख ७ हजार रुपैयाँसमेत गतवर्षसम्मको ८ अर्ब ३ करोड ९७ लाख ५७ हजार रुपैयाँ बाँकी रहेकामा यो वर्ष १ अर्ब १६ करोड ३ लाख २ हजार रुपैयाँ थप भई जम्मा बेरुजु ९ अर्ब २० करोड ३५ लाख ५९ हजार रुपैयाँ पुगेको छ ।
प्रदेश मातहत १ सय ४२ सरकारी कार्यालयको लेखा परीक्षण गरेकामा १ सय २१ कार्यालयमा १ अर्ब ५ करोड ४२ लाख ७७ हजार रुपैयाँ बेरुजु देखिएको छ । समिति तथा अन्य १७ संस्थाको लेखा परीक्षण गरेकामा १० करोड ९५ लाख २५ हजार रुपैयाँ बेरुजु देखिएको छ । कुल बेरुजुमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको सबैभन्दा बढी ४०.७५ प्रतिशत र मुख्य न्यायाधीवक्ता तथा प्रदेश नीति तथा योजना आयोगको लागति बेरुजु रहेको छैन ।
यो वर्ष प्रदेशमातहत १ सय ४२ सरकारी कार्यालयको लेखापरीक्षणमा २१ कार्यालयमा बेरुजु देखिएको छैन । समिति तथा अन्य १२ संस्थामा लागति बेरुजु देखिएको छ । यो प्रदेश मातहत १ सय २१ सरकारी कार्यालयको २ हजार ७ सय ५३ दफा बेरुजु देखिएकामा १०६ दफा प्रतिक्रियाबाट फर्छौट भई १ हजार ६ सय ३८ दफा सैद्धान्तिक र १ हजार ९ दफा लागति बेरुजु कायम भएको छ । प्रदेश सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेश्की २ अर्ब ६५ करोड २ लाख ९५ हजार रुपैयाँ बाँकी रहेकामा यो वर्ष ६ करोड २४ लाख ७३ हजार रुपैयाँ फर्छौट र १९ करोड ५१ लाख ५८ हजार थप भई २ अर्ब ७८ करोड २९ लाख ८० हजार रुपैयाँ बाँकी छ ।
समिति तथा अन्य संस्थातर्फ गतवर्षसम्मको पेश्की ४ करोड १३ लाख ५५ हजार रुपैयाँ बाँकी रहेकामा यो वर्ष २७ लाख ३ हजार रुपैयाँ फर्छौट र ८ लाख ५६ हजार रुपैयाँ थप भई कुल पेश्की ३ करोड ९५ लाख ८ हजार रुपैयाँ बाँकी छ । सरकारी कार्यालयतर्फ यो वर्ष लेखा परीक्षणक्रममा ३२ लाख ६३ हजार रुपैयाँ र प्रारम्भिक प्रतिवेदन पठाएपछि १० लाख २२ हजार रुपैयाँ र सम्परीक्षणक्रममा ३ करोड ९५ लाख ९ हजार रुपैयाँसमेत ४ करोड ३७ लाख ९४ हजार रुपैयाँ असुल भएको छ । यो वर्ष सरकारी कार्यालय १० मा ३ लाख ५९ हजार रुपैयाँ र अन्य संस्था तथा ३ समितिमा २ लाख ८१ हजार रुपैयाँसमेत ६ लाख ४० हजार रुपैयाँ अग्रिम कर कट्टी नगरेको बेरुजु कायम भएकामा प्रतिक्रियाबाट फर्छौट भई ६ लाख २४ हजार रुपैयाँ बाँकी छ ।
मन्त्रालयगतरुपमा हेर्ने हो भने सबै भन्दा बढी बेरुजु भएको पाँच मन्त्रालयमा कुल बेरुजुमा मन्त्रालयको प्रतिशतमा भौतिक पूर्वाधार मन्त्रालय ४०.७५, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय १२.७३, वन तथा वातावरण मन्त्रालय ११.५७, शिक्षा तथा संस्कृति मन्त्रालय १०.३, ऊर्जा सिँचाई तथा खानेपानी मन्त्रालय ६.९४ प्रतिशत र अन्य मन्त्रालय तथा निकाय १७.१ प्रतिशत छ ।
सो प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रतिवदेनमा देखिएको कमजोरीलाई सुधार गरेर लैजान पर्नेमा जोड दिइन् । उनले यस विषयमा आफूले सरकारको ध्यानाकर्षण गराउनसमेत बताइन् । त्यसैगरी, नायब महालेखा परीक्षक ईन्द्रप्रसाद आचार्यले बेरुजु घटिरहेको देखिए पनि अहिले पनि आर्थिक अनुशासन कायम गर्नुपर्नेमा जोड दिए ।

## सरकार टिकाउने हत्कण्डा बन्दै मन्त्रालय

मुलुकमा पहिलोपटक संघीयता अभ्यास र सरकार निर्माण भएपछि सात वटा मन्त्रालय प्रदेशमा रहने गरी मन्त्रालयहरुको नामाकरण र कार्य क्षेत्र तोकिएको थियो । तर पटकपटक सरकार टिकाउने नाममा मन्त्रालयको विभाजन गरिने र मन्त्रालय विभाजन हुँदा कर्मचारी र बजेटमा समेत भार पर्ने गरेको छ । सात वटै प्रदेशका लागि अधिकारसम्पन्न संघीय प्रशासन पुनसंरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ हुनुपर्ने सिफारिस गरेको थियो । तर राजनीतिक भागबण्डा मिलाउन सात प्रदेशमध्ये ६ वटा प्रदेशमा पटकपटक मन्त्रालय टुल्mयाउने काम भएको छ ।



प्रदेशसभाको पहिलो निर्वाचनपश्चात गठन भएको प्रदेश सरकारले जारी गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा पटकपटक संशोधन गरेर मन्त्रालय र मन्त्रालयले सम्पादन गर्ने कार्य हेरफेर भएको छ । मन्त्रालयलाई टुक्रा गर्दा मन्त्रालयको कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्र, जनशक्ति व्यवस्था, भौतिक पूर्वाधार, कार्यसम्पादन र एकीकृत वित्तीय विवरण तयारी, जिम्मेवारी र जवाफदेहितामा समेत समस्या देखिएको हो ।

मधेश प्रदेश र लुम्बिनी प्रदेशले मन्त्रालयको संख्या पटकपटक संशोधन गरी १२ पु¥याएको हो । मधेश प्रदेशले पहिलोपटक ७, दोस्रो पटक ११ र तेस्रो पटक १२ वटा मन्त्रालय कायम गरेको हो भने लुम्बिनीले पहिलो पटक ९, दोस्रो पटक १३, तेस्रो पटक पुनः ९, चोथो पटक ११ र पाँचौ पटकमा १२ वटा मन्त्रालय बनाएको हो ।

महालेखापरीक्षकको ६२ औँ प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा मात्र ७ वटा मन्त्रालय छ । बाँकी प्रदेशमा भने मन्त्रालयको संख्या १४ सम्म पुगेको हो । बागमती प्रदेशले पहिलो पटक ८ मन्त्रालय गर्दा दोस्रो पटक १४, तेस्रो पटक ११, चौथो पटक १२, पाँचौ पटक १३ र छैटौँ पटक पुनः मन्त्रालयलाई टुक्रा गरे १४ मा पुऱ्याएको छ ।

कर्णाली प्रदेशले ३ पटक मन्त्रालयको संख्यामा संशोधन गरे पनि यस प्रदेशमा हाल ८ वटा मन्त्रालय कायम रहेको छ । कर्णालीले पहिलो पटक ८ मन्त्रालय कायम गर्दा दोस्रो मन्त्रालयको संख्या घटाउँदै ७ गरेको थियो । तेस्रो पटक भने पुनः ७ मन्त्रालयलाई भागवण्डा मिलाउन ८ मन्त्रालय गरेको हो । कोशी प्रदेशले पहिलो पटक १३ मन्त्रालय कायम गर्दा दोस्रो पटकमा भने मन्त्रालयको संख्या घटाउँदै ९ मा झारेको हो । मन्त्रालयको संख्या बढाउदा प्रदेशमा कर्मचारीको समेत समस्या हुने र कतिपय ठाउमा कार्य क्षेत्रमा समेत विवाद देखा पर्ने गरेको छ ।

गण्डकी प्रदेशले पहिलो पटक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ११ मन्त्रालय कायम गर्दा दोस्रो पटकमा संख्या घटाउँदै ७ मा झारेको थियो । पुनः तेस्रो पटक भने कायम रहेको ७ मन्त्रालयलाई टुक्रा गर्दै ९ पु¥याएको हो । सुदूरपश्चिम प्रदेशले भने अधिकारसम्पन्न संघीय प्रशासन पुनसंरचना समितिको सिफारिस अनुसार ७ मन्त्रालय कायम गर्दा अहिले पनि मन्त्रालयको संख्या ७ नै रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, नेपाल सरकारले प्रदेश सरकार अन्तर्गतका ९४ मन्त्रालय, केन्द्रीय निकाय र अन्तर्गत रहेको कार्यालयका लागि २७ हजार ७ सय ८६ दरबन्दी स्वीकृत भएकामा ४४.७३ प्रतिशत अर्थात १२ हजार ४ सय २९ पद रिक्त छ । बागमती प्रदेशमा रहेको १६ वटा मन्त्रालय र केन्द्रीय निकायका लागि कुल दरबन्दी ४ हजार ९ सय ७१ रहेकामा २ हजार ८ सय ४५ पदपूर्ति भएको छ भने २ हजार १ सय २६ पद अझै रिक्त रहेको महालेखाको ६२ औँ प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, लुम्बिनीका लागि ५ हजार २ सय ९४ जनाको दरबन्दी रहेकामा १ हजार ५० रिक्त छ । मधेश प्रदेशमा ४ हजार १ सय १ जनाको दरबन्दी रहेकामा २ हजार ४ सय ४२ रिक्त छ । कोशीमा ३ हजार ९४ जनाको दरबन्दी रहेकोमा २ हजार १ सय ७७ संख्या रिक्त छ । गण्डकीमा ३ हजार ४ सय ११ जनाको दरबन्दी रहेकामा १ हजार ३ सय २८ संख्या, कर्णालीमा २ हजार ९ सय २९ जनाको दरबन्दी रहेकामा ४ सय ९४ र सुदूरपश्चिममा ३ हजार ९६ जनाको दरबन्दी रहेकामा २ हजार १२ संख्या रिक्त छ । स्वीकृत दरबन्दी अनुसारको पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

### सञ्चालनै नभएको अस्पताललाई चार करोड

मधेश प्रदेश सरकारले मधेशका केही सञ्चालन नै नभएका अस्पताललाई समेत सामग्री उपलब्ध गराएको छ । महालेखा परिक्षकको कार्यालयले सार्वजनिक गरेको लेखा परीक्षण प्रतिवेदनअनुसार सर्लाहीको अस्पतालमा दिइएको करिब ४ करोड रुपैयाँका सामान अस्पताल सञ्चालन नभएको अवस्थामा नै दिइएको प्रतिवेदनमा उल्लेख छ ।

मधेश प्रदेश, स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रले ४ करोड ४२ लाख ८४ हजार रुपैयाँ मूल्यको डिजिटल एक्सरे मेसिन, एनेस्थेसिया मेसिन, बायोकेमिष्ट्रि एनालाइजर, हेमाटोलोजी एनालाइजर, डेलिभरी बेड, डेन्टल चियरलगायतका विभिन्न ६६ प्रकारको २ सय ५ थान स्वास्थ्य उपकरण एवम् मेडिकल तथा सर्जिकल सामग्री खरिद गरी सर्लाहीको धनकौलमा रहेको आमा तथा बाल अस्पताललाई हस्तान्तरण गरेकामा अस्पताल सञ्चालन नभएकाले प्रयोगमा आउन नसकेको महालेखाले औँल्याएको छ । ती सामग्री उपयोगविहीन अवस्थामा रहँदा गुणस्तरमा ह्रास आउने गरेको महालेखाले ध्यानार्कण गराएको छ । मन्त्रीहरुले आफ्नो क्षेत्रका अस्पतालमा र विभिन्न अस्पतालमा माग र औचित्यविना कमिसनको लोभमा सामग्री खरिद गर्ने र कमिसन आउने भएपछि ती सामान खरिद र वितरण गर्ने गरेका छन् ।

### योजनाको अत्तोपत्तो छैन, डिपिआरमा तीन करोड

मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले योजना कार्यान्वयनको सुनिश्चितताबिना नै ३ करोड रुपैयाँ भन्दा बढी रकम खर्च गरेको पाइएको छ । महालेखाले यस्तो खर्चलाई कटौती गर्न भनेको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा परामर्श सेवा सेवा खरिदसम्बन्धी व्यवस्था छ । मन्त्रालयलेले एक निर्वाचन क्षेत्रः एक सडक योजना योजनाअन्र्तगत १८ प्याकेज, विभिन्न पुलका ६ प्याकेज र भवनसम्बन्धी २ प्याकेज गरी २६ प्याकेजमा ३ करोड २६ लाख ५२ हजार रुपैयाँको विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनसमेत सोझै खरिद विधिबाट परामर्श सेवा खरिद गरेको छ । सबै विस्तृत परियोजना प्रतिवेदन उद्देश्यअनुरुप कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने महालेखाले औँल्याएको छ ।

# चार हजारभन्दा बढी बिरामी बजेट अभावमा अलपत्र




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले गम्भीर प्रकृतिका रोगसँग जुधिरहेका बिरामीलाई वितरण गर्दै आएको आर्थिक सहायता कार्यक्रम बजेट अभावका कारण ठप्प भएको छ । प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हालसम्म चार हजारभन्दा बढी बिरामीलाई सहयोग दिन नसकेको जनाएको हो । क्यान्सर, मुटु, मृगौला, पार्किन्सन, एल्जाइमर, सिकलसेल एनिमिया, थालेसेमिया, मस्तिष्कघात, अर्थराइटिस लगायत १३ प्रकारका गम्भीर रोग पीडितलाई प्रतिव्यक्ति एक लाख रुपैयाँ सहयोग गर्ने कार्यक्रम २०८०–८१ सालदेखि सञ्चालनमा आएको थियो । तर, चालु आर्थिक वर्ष २०८१–८२ मा पनि अघिल्लो वर्षजस्तै बजेट अभाव झनै चर्किंदै गएको छ । स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य प्रशासक सन्तोष ठाकुरका अनुसार चालु वर्षका लागि प्रदेश सरकारले यो कार्यक्रमका लागि जम्मा ९ करोड रुपैयाँ मात्र विनियोजन गरेको थियो । रकम हालसम्म ९ सय जनालाई वितरण गरिसकेपछि सकिएको हो । 'बाँकी रहेका ४ हजारभन्दा बढी बिरामीका लागि कम्तीमा ५० करोड रुपैयाँ आवश्यक छ,' ठाकुरले भने । उनका अनुसार मन्त्रालयले दुई महिनाअघि नै बाँकी बिरामीलाई सहायता वितरण गर्न अर्थ मन्त्रालयसँग ३८ करोड रुपैयाँ माग गरेको थियो ।
तर, अहिलेसम्म बजेट स्वीकृति नआएकोले कार्यक्रम पूर्ण रूपमा रोकिएको छ । मधेश प्रदेशका आठवटै जिल्लाबाट दैनिकजसो गम्भीर प्रकृतिका नयाँ बिरामीको संख्या बढ्दै गएको छ । ठाकुरले भने, 'दैनिक ५० जना बिरामी थपिँदै छन् भने २०–२५ जनाले आर्थिक सहायता माग गर्दै निवेदन दिने गरेका छन् ।' उनीहरू कष्टपूर्ण जीवन बिताइरहेका छन् । कतिले उपचार नै रोक्नुपरेको अवस्था आएको छ । आर्थिक रूपले कमजोर परिवारका लागि प्रदेश सरकारको यो सहायता कार्यक्रम जीवनको आधार बनेको थियो । आर्थिक वर्ष २०७९–८० मा पनि बजेट अभावकै कारण ५ सय १७ जनाको भुक्तानी रोकिएको थियो । तीमध्ये कतिपयले उपचारक्रममा ज्यान गुमाएका छन् भने धेरैजना अझै पनि आशामा बसेका छन् । चालु वर्षमा ती पुराना फाइलसमेत समेटेर सहायता दिने भनिए पनि अहिले ती सबै पुनः अन्य हजारौँ बिरामीसँगै पर्खाइमा परेका छन् ।
यस अवस्थाबारे सरकार मौनजस्तै देखिन्छ । एकातिर मुख्यमन्त्री र मन्त्रीहरूले 'निःशुल्क उपचार' र 'जनताको पहुँचमा स्वास्थ्य सेवा'को भाषण गर्दै हिँडिरहेका छन्, अर्कोतर्फ जनता उपचार खर्च अभावमा छटपटिइरहेका छन् ।
मधेश प्रदेशको स्वास्थ्य प्रणालीमा देखिएको यो वित्तीय अपुगताले राज्यको प्राथमिकता के हो भन्नेमा प्रश्न उठाएको छ । गम्भीर रोगसँग जुधिरहेका नागरिकका लागि तत्काल बजेट विनियोजन नगरिए कार्यक्रम असफल हुने र राज्यको नैतिकता एवम् जवाफदेहितामाथि प्रश्न उठ्ने निश्चित छ ।

## खैरो हेरोइनसहित दुई पक्राउ

**मधेशदृष्टि**
**हेटौँडा ।**
मकवानपुर प्रहरीले खैरो हेरोइनसहित हेटौँडाबाट २ जनालाई पक्रेको छ । पक्राउ पर्नेमा पर्सा, वीरगंज महानगरपालिका–५ का २० वर्षीय करण राय र २९ वर्षीय उपेन्द्र रायभर छन् । प्रहरीले उनीहरूका साथबाट १८ ग्राम १ सय ५० मिलिग्राम खैरो हेरोइन फेला पारेको छ ।
प्रहरी चौकी रातोमाटेको टोलीले पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा–१५ मा चेकिङक्रममा वीरगंजबाट हेटौँडा आउँदै गरेको म १ प २१८ नम्बरको बसमा आएका उनीहरुलाई शंकाको आधारमा खानतलासी गर्दा खैरो हेरोइन फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनीहरूले बोकेको झोलाभित्र रहेको भिभो लेखिएको चार्जरभित्र लुकाएर ल्याएको अवस्थामा खैरो हेरोइन फेला परेको हो ।

## कहाँ हरायो १८ लाखको विदेशी मदिरा ?

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सीमास्थित प्रमुख व्यापारिक नाका सिर्सिया सुक्खा बन्दरगाहमा करिब १८ लाख रुपैयाँ बराबरको विदेशी रक्सी गायब भएको घटनाले भन्सार प्रणालीमा गम्भीर प्रश्न उठाएको छ । सर्लाही निवासी व्यवसायी वासुदेव साहले पिके ट्रेडर्समार्फत अष्ट्रेलियन ब्रान्ड रोयल मुस्क्सा मोस्क्याटो विदेशी रक्सी खरिद गर्न भन्सार टेन्डर जितेका थिए । टेन्डरअनुसार १० हजार ४ सय ५ लिटर रक्सी भन्सारमा हुनु पर्ने भएपनि केबल ९ हजार ४ सय १८ लिटर मात्र फेला परेको पाइएको छ । करिब ९ सय ८७ लिटर रक्सी गायब रहेको साहले जानकारी दिए, जसको बजार मूल्य करिब १८ लाख रुपैयाँ पर्ने अनुमान गरिएको छ । घटना गम्भीर भएपछि साहले मिडिया र सरोकारवालाको ध्यानाकर्षण गराउँदै यो पहिलोपटक नभई बारम्बार हुने समस्या भएको दाबी गरेका छन् । उनका अनुसार, सिर्सिया सुक्खा बन्दरगाहमा दैनिकजसो अनियमितता, बेथिति र भ्रष्टाचार भइरहेकाले यसलाई सामान्य त्रुटिका रूपमा लिने अवस्था छैन । यस किसिमको लापरबाही र मिलेमतोमा भएको चोरीले सरकारको राजस्वमा समेत गम्भीर क्षति पु¥याएको भन्दै स्थानीय व्यापारी र नागरिक समाजले तत्काल छानबिन समिति गठन गरी दोषीमाथि कडा कारबाहीको माग गरेका छन् ।

# कांग्रेस महामन्त्री शर्मा सगरमाथा आरोहण गर्दै

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने भएका छन् । महामन्त्री शर्माले पर्यटन विभागबाट हिमाल आरोहणको अनुमति लिएको पर्यटन विभागले जनाएको छ । विभागका निर्देशक हिमाल गौतमका अनुसार वसन्त ऋतुको जारी सगरमाथा आरोहणमा कांग्रेस महामन्त्री शर्माले पर्यटन विभागबाट आरोहण अनुमतिपत्र प्राप्त गरेका छन् ।

वसन्त ऋतुको जारी आरोहणमा हालसम्म ५० भन्दा बढीले सगरमाथा आरोहण गरेको आरोहण एक्सपिडिसन कम्पनीले जनाएका छन् । आज राति पनि धेरै आरोही चुचुरो पुग्ने योजनामा छन् ।

विभागको तथ्याङ्कअनुसार वसन्त ऋतुको सगरमाथा आरोहणका लागि हालसम्म ४५ आरोही समूहका ४ सय ५८ जनाले अनुमति लिएका छन् । सगरमाथासहित २७ हिमालका लागि १ सय २४ समूहका कूल एक हजार एकसय ४० ले अनुमति पाएका हुन् ।

**फिलिपिनी नागरिकको निधन**

सगरमाथा आरोहणका क्रममा फिलिपिनी नागरिक फिलिप द्वितीय स्यान्टिएगोको मृत्यु भएको छ । सगरमाथाको चौथो शिविरमा बुधबार राति आराम गरिरहेका अवस्थामा उनीको निधन भएको पर्यटन विभागले जनाएको छ । उनी स्नो होराइजन टेक्स एण्ड एक्सपिडिसन प्रालिमार्फत सगरमाथा आरोहणमा जानुभएको थियो ।

फिलिप चौथो शिविरमा करिब रातको ७–८ बजे थकित अवस्थामा पुगेको र आराम गरेका अवस्थामा मृत्यु भएको आरोहणदलका सदस्यबाट बिहीबार बिहान जानकारी प्राप्त भएको विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

मृतकको शव आवश्यक प्रक्रिया पु¥याएर आधार शिविर ल्याउने प्रक्रिया भइरहेको जनाइएको छ ।रासस

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., कार्यालय, वीरगंजको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणाकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति **२०८१/०६/१३ तथा मिति २०८१/१२/०५ को** राष्ट्रिय स्तरको पत्रिकामा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिती २०८२/०२/९ गते (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) शुक्रवारका दिन दिउँसो ३:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी, फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्री गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**क) ऋणीको नाम, ठेगाना**

स्व. हुसेनी राउत बराईको नाती, जगरनाथ राउत बठैको छोरा, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न. ३४८०२३०३८८,जारी मिति २०३४/०४/१५, पर्सा) बर्ष ६५ को महेन्द्र प्रसाद बरै ।

**ख) कर्जाको प्रकार:- व्यक्तिगत अधिविकर्ष कर्जा , व्यक्तिगत आवधिक(घर) कर्जा तथा कृषि कर्जा**

**ग) कर्जाको सुरक्षण विवरण:**

**क**) स्व. हुसेनी राउत बरैको नाती, जगरनाथ राउत बरैको छोरा, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न. ३४८०२३०३८८, जारी मिति २०३४/०४/१५, पर्सा) बर्ष ६५ को महेन्द्र प्रसाद बरै को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित किता नं. ९४ को जम्मा क्षेत्रफल ०००४२.३० वर्ग मिटरको घर जग्गा ।

ख) जगरनाथ राउत बरैको बुहारी, महेन्द्र प्रसाद बरैको पत्नी, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न.८०२३१४७९,जारी मिति २०४४/१२/१२, पर्सा) बर्ष ५६ की शेषकलि देवि चौरसियाकी नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित किता नं.९३, ९५ र १३४ को जम्मा क्षेत्रफल क्रमश: ८४.६०, ०००४२.३० र ०००१६.९६ वर्ग मिटर को घर जग्गा ।

**घ) व्यक्तिगत जमानीकर्ताहरु :**

क) जगरनाथ राउत बरैको नाति, महेन्द्र प्रसाद बरैको छोरा जिल्ला पर्सा, सबैठवा गा.वि.स. वडा नं. ०५ बस्ने (ना.प्र.न. ३४-०१-७२-०१२५९ मिति २०७२/०२/१७ जि.प्र.का., पर्सा) बर्ष २६ को अंकित चौरसिया ।

**ख**) जगरनाथ राउत बरैको बुहारी, महेन्द्र प्रसाद बरैको पत्नी, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न.८०२३१४७९ मिति २०४४/१२/१२, पर्सा) बर्ष ५६ की शेषकलि देवि चौरसिया ।

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिकी गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिकी भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्रप्त नभई कम मूल्यमा बिकी भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिकी गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा सकेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ सातौ दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ जेठ ०८ गते बिहिबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ जेठ ०९ गते शुक्रवार दिउँसो ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड ,बीरगन्ज, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

# विपन्नको छोरीको बिहेमा पत्रकार अच्युत पौडेलको मानवीय सहयोग

मधेशदृष्टि
बारा ।
पत्रकारिता मात्र नभई समाजसेवामा पनि अग्रणी भूमिका निर्वाह गरिरहेका पत्रकार अच्युत पौडेलले बारा जिल्लाको एक विपन्न परिवारलाई छोरीको विवाह सम्पन्न गर्न आवश्यक सहयोग प्रदान गरेका छन् । बारागढी गाउँपालिका वडा नम्बर–३ स्थित नयका टोलका रघुनाथ सहनी (भदई) की छोरीको विवाहका लागि पौडेलले करिब २५० जनाको भोजका लागि पुग्ने खाद्य सामग्री र बेहुला–बेहुलीको लागि पहिरनसहित अन्य आवश्यक सामग्रीहरू सहयोगस्वरूप हस्तान्तरण गरेका हुन् । रघुनाथ सहनी लामो समयदेखि मुटु र क्षयरोगका बिरामी हुन् । उनी आर्थिक दृष्टिले पनि अति कमजोर अवस्थामा छन् । यही कठिन परिस्थितिमा छोरीको विवाह गराउनुपर्ने बाध्यता रहेको खबर पाएपछि पत्रकार पौडेलले व्यक्तिगत पहलमा सहयोग गरेका हुन् । स्थानीय अगुवा राजकिशोर चौधरीको सहजीकरणमा बेहुलीकी आमा असिया देवी र दाजु छोटेलाल सहनीलाई विवाह सामग्री हस्तान्तरण गरिएको थियो । सामग्री पाउँदा खुशी व्यक्त गर्दै आमा असिया देवीले भनिन्, ‘समाजमा यस्ता मनकारी व्यक्तिको साथ पाउँदा हामी जस्ता असहाय परिवारका छोरीको बिहे पनि सहज बनाउन सकिएको छ ।’ पेशाले पत्रकार रहेका पौडेल प्रेस चौतारी नेपालका सचिवालय सदस्य तथा मधेश प्रदेश इन्चार्ज पनि हुन् । पत्रकारिता मात्र गरेर जीवन निर्वाह कठिन भएपछि उनले ओम बिनायक ट्राभल्स नामक व्यवसाय पनि सञ्चालन गर्दै आएका छन् । यही व्यवसायिक पृष्ठभूमिले उनलाई सामाजिक सेवामा पनि सक्रिय बनाएको छ ।

पौडेल भन्छन्, ‘म बाटो हिँड्दा धेरै अप्ठ्यारोमा परेका मानिसहरू देख्थें । समाजको दुःख, भोकमरी देख्दा चिन्तित हुन्थेँ ।
आफैंलाई सोध्थें, समाजले हामीलाई धेरै दिएको छ, तर हामीले के फर्कायौं?’ यही सोचका साथ उनले विपन्न तथा असहाय परिवारका छोरीहरूको विवाहमा सहयोग गर्ने अभियान शुरु गरेका हुन् । पत्रकार पौडेलले भड्किलो र खर्चिलो विवाह संस्कृतिले समाजका कमजोर वर्गलाई थप पीडित बनाएको उल्लेख गर्दै विवाहलाई सरल, सहज र दाइजोमुक्त बनाउनुपर्ने धारणा राखेका छन् । उनको भनाइमा, ‘आजभोलि विवाहलाई प्रदर्शनको माध्यम बनाइएको छ ।

तर, विपन्न परिवारको लागि त्यस्तो खर्च सम्भव हुँदैन । त्यसैले, हामीले सकेको सहयोग गरेर उनीहरूको बोझ कम गर्ने प्रयास गरेका हौं ।’ पौडेलका अनुसार अहिलेसम्म धेरैजसो असहाय परिवारलाई यस्ता खालका सहयोग प्रदान गरिसकिएको छ । ‘भगवानलाई भनेको छु – सकेको सेवा गर्न देऊ । शायद त्यसैले सहयोग गर्न सक्ने वातावरण पनि मिलिरहेको छ,’ उनले भने ।

# नेशनल मेडिकल कलेजद्वारा निःशुल्क स्वास्थ्य शिविरको आयोजना

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नेशनल मेडिकल कलेज शिक्षण अस्पतालद्वारा आयोजित निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम घडीअर्वा पोखरीस्थित सम्पन्न भएको छ । स्थानीय सर्वसाधारणलाई लक्षित गरी आयोजित सो शिविरमा विभिन्न रोगका २०८ जना बिरामीहरूले आफ्नो स्वास्थ्य परीक्षण गराएका छन् । शिविरको आयोजना नेशनल मेडिकल कलेज शिक्षण अस्पतालका निर्देशक डा.इसरत जहाँ अन्सारीको अध्यक्षतामा गरिएको थियो ।

बिहानको समयमा मर्निङ वक गर्ने नगर क्षेत्रका बासिन्दालाई लक्षित गर्दै आयोजित कार्यक्रममा जनस्वास्थ्यका विविध पक्षमा



परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको आयोजकहरूले जानकारी दिएका छन् ।
स्वास्थ्य शिविरमा अस्पतालका विभिन्न विशेषज्ञ चिकित्सक तथा इन्टन्ल स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो । कन्सल्टेन्ट डा. इमरान अली.डा उदित यादव, डा. मो. राशिद कलाम (पिजी), डा. विवेक भारतीले बिरामीहरूको जाँच तथा परामर्श गरेका थिए । साथै, नर्सिङ्ग सेवा प्रदान गर्न बबिता श्रेष्ठ, प्रजिता फूयाल, समिक्षा रिताल र सांतिका कू. सिंहको टोली खटिएको थियो । कार्यक्रममा मेट्रोन विकास गुप्ता तथा प्रेस प्रतिनिधि आसिक अन्सारीको पनि उपस्थिति रहेको थियो । शिविरमा अधिकांश बिरामीहरूमा उच्च रक्तचाप, मधुमेह, पेट सम्बन्धी समस्या, श्वासप्रश्वासका समस्या र सामान्य संक्रमणजस्ता स्वास्थ्य समस्या देखिएको चिकित्सकहरूले जनाएका छन् ।
शिविरमा आएका बिरामीहरूले सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त भएको भन्दै आयोजकप्रति आभार प्रकट गरेका छन् । उनीहरूले यस्ता कार्यक्रमले गाउँघरमा स्वास्थ्य चेतना फैलाउन र उपचारको पहुँच सहज बनाउन सघाउ पुग्ने बताएका छन् । स्वास्थ्य सेवा जनताको घरदैलोमै पुर्याउने उद्देश्यले आयोजना गरिएको शिविरलाई प्रभावकारी बनाउँदै आगामी दिनमा अन्य ठाउँमा पनि यस्ता कार्यक्रम विस्तार गरिने नेशनल मेडिकल कलेज शिक्षण अस्पतालका प्रतिनिधिहरूले बताए । यस्ता शिविरहरूले ग्रामीण भेगका जनतामा स्वास्थ्य सचेतना अभिवृद्धि गर्नका साथै प्राथमिक उपचारका माध्यमबाट गम्भीर रोगहरू पहिचान गर्ने अवसर प्रदान गर्ने भएकाले निरन्तरता आवश्यक रहेको सहभागीहरूको धारणा थियो ।

# विकासका कामले ‘जेनजी’का आकांक्षा समेटनुपर्छ’



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद वर्षमान पुनले सरकारको बजेट तथा कार्यक्रमले जेनजी (जेनेरेसन १९९०–२०१०) लक्षित कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने बताएका छन् ।
प्रतिनिधिसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८२–८३ का लागि विनियोजन विधेयकमा सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा भाग लिँदै पूर्वअर्थमन्त्री पुनले प्रविधिसँग हुर्किएका ‘जेनजी’सँगै पछिल्ला पुस्ताका आकांक्षामाथि बहस गर्दै विकासका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए ।
डिजिटल पूर्वाधार विकाससँगै स्मार्ट पूर्वाधारमा बहस गर्नुपर्ने राय पुनले व्यक्त गरे । ‘एआई–रोबोटसँग हुर्किएका जेनजी र त्यसपछिका पुस्ताहरु ज्ञानको अवसरसँगै समाज र यथार्थबाट बेखबर बनिरहेको अवस्था छ । यो हाम्रा लागि चुनौती हो,’ उनले भने, ‘जेनजीको आकांक्षामाथि छलफल गर्नुपर्छ । त्यसलाई आजको हाम्रो विकास र कार्यक्रमले कसरी सम्बोधन गर्छ, भन्नेतर्फ बहस चलाउनुपर्छ ।’
पूर्वअर्थमन्त्री पुनले उत्पादनमा प्रविधिको प्रयोगले पुनरुत्पादनको न्यायोचित वितरणबारे बहस गर्नुपर्ने उल्लेख गरे । ‘निजीकरण सबै बजारलाई छाड्दा विकृतिहरु आयो । निजी क्षेत्रलाई कानूनी शासन हुनुप˜यो । बजार प्रतिस्पर्धी हुनुपर्‍यो । त्यो सिद्धान्तमा आधारित भएर हाम्रो बजेट र कार्यक्रम आउनुपर्छ,’ उनले भने ।
उनले राजस्वका नीतिमा सुधारको आवश्यकता औँल्याए । ‘राजस्वमा त्यस्ता नीतिहरु बनुन जसले पार्टी, नेता र प्रशासक वा मन्त्री नचिने पनि उसले व्यवसाय गर्न सकोस, प्रतिस्पर्धा गर्न सकोस, त्यस्तो नीतिमा काम गर्न सक्नुपर्छ ।’
पूर्वअर्थमन्त्री पुनले अर्थतन्त्र सुधारका लागि अर्थतन्त्रको संरचना, व्यावसायिक वातावरण, सार्वजनिक वित्त प्रणाली र वित्तीय क्षेत्रको सुधार गर्नुपर्नेमा जोड दिनुभयो । उनीले सार्वजनिक प्रशासनलाई प्रतिस्पर्धी बनाउन सुझाव दिए । सोही छलफलमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद सूर्यबहादुर थापाले बेरुजुको भयावह अवस्थाबारे सबै जिम्मेवार पदाधिकारी र निकायको ध्यानार्कषण गराए । ‘तीनै तहको सरकारअन्र्तगत बेरुजुको तस्बीर भयावह छ, यस्तो सुशासनका हिसाबले चिन्ताको विषय हो । बेरुजुलाई रुजु, फछ्र्यौट र असुल उपर गर्नुपर्छ । त्यसो नगरि यथास्थितिमा अघि बढ्न खोज्नु कुशासन हुन्छ,’ उनले भने ।
उनीले लेखा समितिको भूमिकालाई कार्यक्षेत्र र प्राप्त जिम्मेवारी केन्द्रित गरेर ठोस परिणाम हासिल गर्न अघि बढाउनु अत्यावश्यक भएको बताए । उनीले बजेटको न्यायोचित वितरणबारे समेत ध्यानार्कषण गराए । उनले देशभरका रुग्ण आयोजना, सडक, पुल र राष्ट्रिय गौरवका आयोजना समयमा सम्पन्न गर्न बजेट केन्द्रित गर्न माग गरे ।
‘बजेटलाई न्यायोचित विरतण गर्छौं कि विगतमा जस्तै केही जिल्लाहरुलाई मात्र प्राथमिकता दिन्छौँ, यी प्रश्नहरु गर्ने पर्ने बेला भएको छ,’ सांसद क्षेत्रीले भने ।रासस

# सुरक्षा अधिकारीद्वारा वीरगंज कारागारको निरीक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गौतम मिश्रले वीरगंज कारागारको निरीक्षण गरेका छन् । निरीक्षणको क्रममा कैदी तथा थुनुवाहरूको आवास, खानपान, स्वास्थ्य, सुरक्षा तथा दैनिक जीवनस्तरसहितका विषयमा स्थलगत अवलोकन गरिएको थियो । उनीहरूको गुनासो र समस्या प्रत्यक्ष रूपमा सुनेर सुधारका लागि आवश्यक पहल गरिने आश्वासन अधिकारीहरूले दिएका छन् । सिडिओ अर्यालले मानवअधिकारमैत्री वातावरण सुनिश्चित गर्न स्थानीय प्रशासन प्रतिबद्ध रहेको बताए । एसपी मिश्रले सुरक्षाको दृष्टिले कारागार व्यवस्थापनलाई थप सुदृढ बनाइने जानकारी दिए । निरीक्षणमा कारागार प्रशासन, प्रहरी प्रतिनिधि तथा सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो ।

# तेरापंथ युवक परिषद्‌द्वारा नेत्रदान अभियान सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**
तेरापंथ युवक परिषद् वीरगंज शाखाले नेत्रदान अभियान सार्वजनिक गरेको छ । संस्थाले बिहीबार पत्रकार सम्मेलनमार्फत विगत २६ वर्षदेखि सञ्चालन गर्दै आएको सेवामूलक कार्यहरूको विवरण प्रस्तुत गर्दै आगामी योजनाहरू सार्वजनिक गरेको हो । परिषद्को मुख्य प्राथमिकता अब नेत्रदान अभियान हुने जनाइएको छ । पत्रकार सम्मेलनमा परिषद्का प्रतिनिधि राजु वैदले परिषद्ले सेवा, संस्कार र संगठनको त्रिआयामी उद्देश्यसहित विश्वभर ३६२ शाखामार्फत समाजसेवामा सक्रिय भूमिका निर्वाह गरिरहेको जानकारी दिए । वीरगंज शाखाले मात्र २०७९÷८० मा आयोजित दुई दिने रक्तदान क्याम्पबाट ४२३ यूनिट र २०७८ मा ११ दिने विशेष क्याम्पमार्फत १ हजार १२७ यूनिट रगत संकलन गरी रेडक्रसलाई प्रदान गरेको उनले जानकारी दिए । उनका अनुसार अब परिषद्ले नेत्रदानलाई प्राथमिक अभियानका रूपमा अघि बढाउने भएको छ । सजिलो प्रक्रिया भए तापनि नेत्रदानबारे जनचेतना आवश्यक रहेको बताउँदै परिषद्ले वीरगंज महानगरपालिकाको सहकार्यमा संगोष्ठी र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिरहेको जानकारी दिए । कार्यक्रममा २०७९ सालमा २५औँ वर्ष (स्वर्ण जयन्ती) मनाइरहेको परिषद्ले यही जेठ १ देखि ३ गतेसम्म अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने घोषणा गरेको छ ।

सम्मेलनमा तेरापंथ युवक परिषद् अन्तर्राष्ट्रिय अध्यक्ष रमेश डागाको प्रमुख आतिथ्यता रहनेछ भने युवा स्वास्थ्य, सामाजिक जिम्मेवारी, नेत्रदान, र व्यक्तित्व विकास सम्बन्धी विशेष सत्रहरू सञ्चालन हुने अध्यक्ष लोकेश जैनले बताए ।

# चिल्ड्रेन पार्क तथा विद्यालय भवन निर्माणको शिलान्यास

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको प्रसौनी गाउँपालिका–३ स्थित श्री रामजानकी ने.रा नि. मा. वि. को परिसरमा चिल्ड्रेन पार्क तथा चार कोठे विद्यालय भवन निर्माणको शिलान्यास गरिएको छ । पूर्वमन्त्री तथा मधेश प्रदेश सांसद जितेन्द्र सोनलले एक औपचारिक कार्यक्रमका बीच सो शिलान्यास गरेका हुन् । शिक्षा क्षेत्रको आधारभूत पूर्वाधार विकास तथा विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक पक्षको समग्र विकास गर्ने उद्देश्यसहित चिल्ड्रेन पार्क निर्माणको योजना अघि सारिएको हो । सो योजनामा मधेश प्रदेश सरकारको बजेट विनियोजन गरिएको छ । शिलान्यास कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का केन्द्रीय सदस्य तथा प्रसौनी गापाका पूर्वअध्यक्ष भोला गुप्ता, पन्नालाल यादव, राजहरण साह, विश्वनाथ साह कानु, शिवनाथ साह, सञ्जय तिवारी, सन्तोष साह, विद्यालयका प्रधानाध्यापक तथा स्थानीयहरूको उपस्थिति रहेको थियो ।

# पोखरिया अस्पतालमा विभिन्न सेवा उपलब्ध

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया अस्पतालमा अब नशा तथा हाडजोर्नी, डेन्टल, बाल रोग तथा नर्सिङ्ग सेवा उपलब्ध हुने भएको छ । यससँगै ग्रामीण क्षेत्रका नागरिकहरूलाई वीरगंज वा निजी अस्पतालमा महँगो शुल्क तिरेर उपचार गर्नुपर्ने बाध्यताबाट राहत मिल्ने भएको छ ।

अस्पतालको सभा हलमा आयोजित एक समारोहमा नशा तथा हाडजोर्नी विशेषज्ञ डा. अरविन्द साह, डेन्टल अधिकृत सरिता राउत चौरसिया, नर्सिङ्ग अधिकृत सवेनाज बेगम र अहेव मधु यादवलाई स्वागत र सम्मान गरिएको छ । पोखरिया नगरपालिकाका मेयर एवम् अस्पताल विकास समिति अध्यक्ष प्रदुमन प्रसाद चौहानले अस्पतालको सेवा विस्तारका लागि आफू रातदिन लागिपरेको उल्लेख गर्दै नयाँ विशेषज्ञ सेवा ग्रामीण जनताको पहुँचमा ल्याएकोमा खुसी व्यक्त गरे ।

# नेपाल विमा प्राधिकरण मधेश प्रदेशको वार्षिकोत्सव सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल विमा प्राधिकरण मधेश प्रदेश कार्यालयले आफ्नो बार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम सम्पन्न गरेको छ । सप्ताह व्यापी रुपमा आयोजित कार्यक्रमबारे र हालका गतिविधिको बारेमा जानकारी दिँदै प्राधिकरणरले आफ्नो बार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको हो । वीरगंजमा बिहीबार आयोजित कार्यक्रममा वीरगंज महानगरका प्रमुख, पर्साका प्रमुख जिल्ला अधिकारी, नेपाल राष्ट्र बैंक वीरगंजका क्षेत्रिय निर्देशक लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको उल्लेख्य उपस्थिति रहेको थियो । सो क्रममा वृत चित्रमार्फत गतिविधिहरुका बारेमा समेत जानकारी प्रवाह गरिएको नेपाल विमा प्राधिकरण मधेश प्रदेश कार्यालयकी प्रमुख प्रिति देवले जानकारी दिइन् ।

# विमल पौडेल नारायणी अस्पताल विकास समितिको सदस्यमा मनोनित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१५ निवासी विमल पौडेल नारायणी अस्पताल विकास समितिको सदस्य पदमा मनोनयन भएका छन् । नेपाल सरकार, मन्त्रीस्तरको गत बैशाख २८ गतेको निर्णयानुसार पौडेललाई नारायणी अस्पताल विकास समितिको सदस्य पदमा ३ वर्ष पदावधि रहने गरी मनोनयन गरिएको हो । नारायणी अस्पताल वीरगंज सय बर्ष भन्दा बढीको इतिहास बोकेको मुलुककै ज्येष्ठ अस्पतालको रुपमा रहेको र स्तरउन्नतीको प्रतिक्षामा रहेको छ ।

# निःशुल्क आँखा जाँच शिविर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
अखिल भारतीय मारवाड़ी महिला सम्मेलन रक्सौल शाखाको आयोजनामा सत्यनारायण मारवाड़ी पंचायती मन्दिर परिसर, बैंक रोडमा एक दिवसीय निःशुल्क आँखा जाँच शिविर सम्पन्न भएको छ । शिविरको उद्घाटन डा. अमर क्याल, अध्यक्ष सोनु काबरा लगायत पदाधिकारीहरूले दीप प्रज्वलन गरी संयुक्त रूपमा गरेका थिए ।
कार्यक्रममा वीरगंजकी प्रख्यात स्त्री रोग विशेषज्ञ डा. नवनीत राज पाण्डेयलाई विशेष सम्मानसमेत प्रदान गरिएको थियो । किरण आँखा अस्पतालको टोलीले सञ्चालन गरेको शिविरमा ३०० भन्दा बढी व्यक्तिको आँखाको परीक्षण गरिएको थियो । जाँचमा मुख्यतः आँखाको रातोपन, दृष्टि कमजोरी, मोतियाबिन्दु आदि समस्या पाइएको र बिरामीहरूलाई निःशुल्क औषधि वितरण गरिएको आयोजकले जानकारी दिएको छ । महिला सम्मेलनकी अध्यक्ष सोनु काबराले ‘नर सेवा नारायण सेवा’ भावनाअनुरूप शिविरको आयोजना गरिएको बताउँदै मोतियाबिन्दु पाएका बिरामीको निःशुल्क शल्यक्रिया गरिने प्रतिबद्धता जनाए ।

# चार व्यापारिक सङ्गठनको एकैस्वर ‘एमआरपी लागू गर्न सहज छैन’

**वीरगंज ।**
नेपालका मुख्य व्यापारिक क्षेत्रका चारवटै उद्योग वाणिज्य सङ्घ तथा सङ्गठनले स्वदेशमा उत्पादित तथा नेपालमा आयात हुने सबै उत्पादनमा अनिवार्य रूपमा अधिकतम खुद्रा मूल्य ९ एमआरपी० सहितको लेबल लगाउन सहज नभएको स्पष्ट पारेका छन् । वीरगंज उद्योग वाणिज्य सङ्घ, मोरङ उद्योग व्यापार सङ्घ, सिद्धार्थ उद्योग वाणिज्य सङ्घ र नेपाल उद्योग वाणिज्य सङ्घ काठमाडौँले संयुक्त प्रेस विज्ञप्ति जारी गरेर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट २०८१ साल चैत १४ गते जारी नेपाल राजपत्रको सूचनाअनुसार एमआरपीसहितको लेबल लगाउनुपर्ने निर्णयप्रति ध्यानाकर्षण भएको जनाएका छन् । विभागले गत चैत २० गतेदेखि एमआरपीसहितको लेबल अनिवार्य गरेको थियो । चारवटै सङ्घ–सङ्गठनले कोभिड–१९ र विश्वव्यापी मन्दीलगायतका कारण मुलुकमा अवस्थित उद्योग, व्यापार, श्रमिकलाई पारिश्रमिक, बैङ्कलाई साँवा ब्याज, विद्युत् प्राधिकरणलाई बिजुली महसुललगायतका खर्चहरु जेनतेन धान्दै अर्थतन्त्रलाई चलायमान बनाउँदै आएकाले पनि तत्कालै नेपालमा आयात र उत्पादन हुने वस्तुमा एमआरपीसहितको लेबल लगाउन नसकिने विज्ञप्तिमा उल्लेख छ । ‘पुनः अनिवार्य एमआरपी तोक्नुपर्ने नयाँ प्रावधानका कारण उपभोक्ताहरुको हित संरक्षण हुनुको साट्टो उल्टै ठगिने हुन्छ’, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले भने, ‘२०८१ साल चैत महिनामा खानेपानीको एमआरपी तोकिनुभन्दा अघि प्रतिजार २५ देखि ३५ रुपैयाँमा मात्रै पाइन्थ्यो भने एमआरपी ५० रुपैयाँ तोकिएपछि प्रायः सबै उत्पादकहरुले ५० रुपैयाँ लिन थालेका छन् ।’ अध्यक्ष गौतमले भौगोलिक विविधता तथा विकटताका कारण कुनै सामान एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न ठूलो रकम खर्चिनुपर्ने हुन्छ जसले गर्दा एउटै वस्तुको एमआरपी फरक फरक राख्नुपर्ने बाध्यता रहेको स्पष्ट पारे । ‘चामल उत्पादन हुने ठाउँ वीरगंजमा प्रतिबोरा दुई हजार पर्दछ । त्यही चामल ढुवानी खर्चसहित हुम्ला, जुम्लामा प्रतिबोरा तीन हजार पर्दछ । यस परिवेशमा एमआरपी कति राख्ने, दुई हजार कि तीन हजार ?त्यसमा पनि ढुवानी खर्च परिवर्तन भइरहने भएकाले एमआरपी पनि परिवर्तन गरिरहनु पर्ने हुन्छ’, उनले भने । अध्यक्ष गौतमले विभागले एमआरपी तोक्नुपूर्व पर्याप्त गृहकार्य पनि नगरेको आरोप लगाए । उनले छलफल नै नगरी सात दिनको समय दिएर एमआरपी तोक्दा बजारमा अनेकौँ समस्या आउने बताए । चारवटै व्यापारिक सङ्घ–सङ्गठनले नेपालजस्तो भौगोलिक विकटता भएको मुलुक र महँगो ढुवानी भाडा रहेको अवस्थामा मुलुकभर एउटै दरमा सामान बिक्री गर्न एमआरपी तोक्न सम्भव नभएको स्पष्ट पारेका छन् ।

# नाबालिका बलात्कार गरेको आरोपमा नाबालक पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
नाबालिकासँग बलात्कार गरेको ओरापमा एक जना नाबालक पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीले बिहीबार सार्वजनिक गरेको घटना विवरण अनुसार उक्त घृणित कार्य गरेको आरोपमा सप्तरीको सुरुङ्गा नगरपालिका–३ लक्ष्मीपुरका १६ वर्षीय नाबालक पक्राउ परेका हुन् । पीडित र पिडक दुबै नाबालक रहेकाले प्रहरीले नाम गोप्य राखेको छ । प्रहरीका अनुसार गत बैशाख १३ गते उक्त वडा नजिकैको लक्ष्मीपुर वन क्षेत्रमा काठ दाउरा संकलन गर्न पुगेकी १३ वर्षीया किशोरीलाई १६ वर्षीय किशोरले जबरजस्ती करणी गरेका थिए । पीडित किशोरीले वन क्षेत्रमा काठ दाउरा संकलन गर्दै गर्दा अचानक पुगेका ती किशोरले शुरुमा प्रलोभन देखाई शारीरिक सम्बन्धको प्रयास गरेको र सो प्रस्ताव अस्विकर गर्दा मुख थुनेर बलात्कार गरेको प्रहरी समक्ष बयान दिएकी छन् । बलात्कारीले कसैलाई यसबारे भने आफूलाई ज्यानै मारिदिने धम्की समेत दिएको पीडित किशोरीले प्रहरीलाई बताएकी छन् । घटनापछि फरार भएका किशोरलाई बैशाख २७ गते प्रहरीले पक्राउ गरेको थियो । पीडित किशोरीको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा स्वास्थ्य परिक्षण तथा उपचार गराइएको छ भने पक्राउ परेका ती किशोरलाई सप्तरी जिल्ला अदालतबाट म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# वीरगंजका विद्यालयमा बिहान पठनपाठन

**वीरगंज ।**
अत्यधिक गर्मीका कारण वीरगंज महानगर क्षेत्रका विद्यालयमा बिहान पठनपाठन प्रारम्भ भएको छ । वीरगंज महानगरको निर्णयअनुसार बिहीबारदेखि महानगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा बिहानी सत्रमा पठनपाठन शुरु भएको हो । अर्को सूचना जारी नभएसम्म बिहान समयमा ६ बजेदेखि अध्यापन हुनेछ । महानगरपालिकाका अनुसार वीरगंज नगर क्षेत्रमा ९२ सामुदायिक र १३८ वटा निजी विद्यालय छन् भने सामुदायिक विद्यालयतर्फ २१ माध्यमिक, १५ आधारभूत, ५५ वटा प्राथमिक विद्यालय र एउटा पूर्वप्राथमिक विद्यालय छन् ।
रासस

# सुरक्षाकर्मीलाई तनाव व्यवस्थापन तालिम

**वीरगंज ।**
प्रहरी जवान तथा अधिकृतलाई लक्षित गरेर पर्सामा तनाव व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय बिर्ताको संयुक्त आयोजनामा बिहीबार यहाँ तनाव व्यवस्थापन तालिम आयोजना गरिएको हो । सो अवसरमा वडा प्रहरी कार्यालय बिर्तामा कार्यरत प्रहरी निरीक्षक निरोज चौलागाईले सुरक्षा निकायमा कार्यरत रहने प्रहरीहरुको व्यस्त कार्यशैली र दौडधुप धेरै हुने भएकाले पनि तनाव व्यवस्थापन कम गर्न तालिम गरिएको बताए । ‘प्रहरीको जागिरको शिलशिलामा विहान उठ्ने बित्तिकै राति नसुतिन्जेलसम्म विभिन्न प्रकारका तनावको सामना गर्नुपर्ने भएकाले पनि तनाव व्यवस्थापनको विषय निकै अपरिहार्य जस्तै भइसकेको छ,’ उनले भने, ‘एउटा प्रहरीले राष्ट्रको सेवा, घरपरिवार र सेवाग्राहीलाई उच्च आचरणयुक्त व्यवहार गर्नुपर्ने भएकाले पनि तनाव व्यवस्थापन महत्वपूर्ण पक्ष हो । त्यसैले हामीले यस्ता रचनात्मक खालका कार्यक्रम गर्दै आइरहेका छौं ।’ जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्टले प्रहरीले उच्च मनोबलसहित काम गर्नुपर्ने भएकाले पनि बेलाबखतमा ‘रिफ्रेस’ गराउनको लागि पनि तनाव व्यवस्थापनको तालिम आवश्यकता पर्ने बताए । ‘प्रहरी सेवामा कार्यरत रहँदा सधैं सजक र सर्तक भएर द्रुत गतिमा कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारी रहन्छ । त्यो बेला प्रहरीमा तनाव उत्पन्न हुनु स्वाभाविक नै हो,’ उनले भने, ‘प्रहरीमा उत्पन्न भएको तनाव व्यवस्थापनको विषय पनि प्रथामिकता राख्दै काम गर्नुपर्ने बेला भइसकेको छ ।’ जैन श्वेताम्बर तेरापथं सभाका समणी निर्देशिका विपुल प्रज्ञा जीले मानव जीवनमा विभिन्न खालका उतारचढाव आउने भएकाले पनि तनाव व्यवस्थापनमा ध्यान दिनुपर्ने बताए । ‘सुरक्षा निकायमा कार्यरतहरुमा व्यस्त जीवनशैली र भागदौड हुने भएकाले पनि तनाव व्यवस्थापनलाई उच्च प्रथामिकता दिन जरुरी छ,’ उनले भने, ‘तनाव व्यवस्थापनका कार्यक्रम नियमित रुपमा सञ्चालन गर्न आवश्यक छ ।’ रासस

# रौतहटको सिमरी गाउँ सामूहिक रूपमा एमालेमा प्रवेश

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको गुजरा नगरपालिका–३ स्थित सिमरी गाउँमा नेकपा (एमाले) को संगठन विस्तार तीव्र गतिमा अगाडि बढेको छ । पार्टी प्रवेश कार्यक्रममार्फत पूर्व माओवादी नेता तथा वडा सदस्यका उम्मेदवार काजीमान माझीको नेतृत्वमा सिंगो गाउँका बासिन्दा सामूहिक रूपमा माओवादी परित्याग गरी एमाले प्रवेश गरेका छन् । नेकपा (एमाले) गुजरा नगर कमिटीद्वारा आयोजित सो कार्यक्रममा करिब ३०० जनाको संख्यामा स्थानीय बासिन्दाले पार्टी परिवर्तन गरेका हुन् । करिब ४०० जनसंख्या भएको सिमरी गाउँका अधिकांश व्यक्तिहरू माओवादी पार्टीका समर्थक रहँदै आएका थिए । तर, पछिल्लो समय पार्टीले जनअपेक्षा अनुसार काम गर्न नसकेको गुनासो गर्दै माओवादी त्यागेर एमाले रोजेको उनीहरूको भनाइ छ । वर्षौंदेखि माओवादी आन्दोलनमा सक्रिय रहँदै आएका काजीमान माझीले अब एमालेमार्फत गाउँ र जनताको सेवा गर्ने प्रतिबद्धता जनाएका छन् । ‘सशस्त्र युद्धकालदेखि पार्टीमा क्रियाशील रहँदै आएको भए पनि अहिलेको माओवादी नेतृत्व परिवर्तनको मूल भावना र जनचाहनाबाट भट्किएको महसुस भयो,’ माझीले भने, ‘त्यसैले अब जनताको विकास र समृद्धिको यात्रामा एमाले नै सही विकल्प हो भन्ने ठानेर हामी सबैले निर्णय गर्यौं ।’ कार्यक्रममा नेकपा (एमाले) का केन्द्रीय सदस्य तथा रौतहट जिल्ला इन्चार्ज अजय गुप्ता, पार्टीका अर्का केन्द्रीय सदस्य तथा पूर्व प्रदेश सांसद कुन्दन कुशवाहा, भूमी आयोगकी केन्द्रीय सदस्य आरती भण्डारी, पूर्व राज्यमन्त्री एवम् मधेश प्रदेश सांसद केशव राय चौधरी, भूमी आयोग रौतहटका अध्यक्ष अखिलेश्वर चौधरी, क्षेत्रीय अध्यक्ष युवराज ज्ञवाली, गुजरा नगरपालिकाका मेयर शेख एकरामुल, नगर अध्यक्ष जयराम चौधरी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख अतिथिहरूले नवप्रवेशीहरूलाई माला र टीका लगाएर पार्टीमा स्वागत गरे । एमाले नेताहरूले नवप्रवेशीहरूलाई सक्रिय भूमिका निभाउँदै गाउँको समृद्धि र सामाजिक रूपान्तरणमा योगदान दिन आह्वान गरेका थिए । पूर्व सांसद कुन्दन कुशवाहाले सिमरी गाउँमा एमाले प्रवेशले सिंगो क्षेत्र नं. ३ मा पार्टीको प्रभाव बढेको बताउँदै अब गाउँ–गाउँमा एमालेको संगठन मजबुत पार्ने अभियान तीव्र बनाउने जानकारी दिए । ‘हामीले सैद्धान्तिक दृष्टिकोण, व्यवहारिक विकास र जनअपेक्षामा खरा उत्रिने प्रतिबद्धता जनतासामु राखेका छौँ,’ कुशवाहाले भने ।

एमालेमा प्रवेश गरेका स्थानीयहरूले एमालेप्रति विश्वास व्यक्त गर्दै अब पार्टीमार्फत स्थानीय विकास, शिक्षा, स्वास्थ्य र रोजगारको क्षेत्रमा ठोस पहल हुने अपेक्षा गरेका छन् । उनीहरूले अब पार्टीभित्र बसेर मात्र नभई गाउँमा परिवर्तन ल्याउने नेतृत्व दिन तयार रहेको बताएका छन् ।

सम्पादकीय

# आपराधिक घटनाक्रम र प्रहरीमा बिचौलिया

पछिल्लो समय मधेशमा एकाएक अपराधका घटना बढेका छन् । घटनामा पीडितलाई न्याय भन्दा बिचौलियामार्फत पीडकहरुलाई उन्मुक्ति दिने काम भइरहेको घटना बाहिर आएको छ । यसले प्रहरप्रशासनतर्फ औँलो ठडिएको छ । यस्तै एउटा घटना रौतहटको कटहरिया नगरपालिका–५ को आएको छ । विवाह भएको ६ महिना नपुग्दै नवविवाहिता मुस्लिम महिलाको मृत्युको घटनासँग जोडिएका मुख्य आरोपी फरार छन् । घटना दबाउन र दोषीलाई कारबाहीबाट बचाउन बिचौलियाको चलखेल शुरु भएको पाइएको छ । बिचौलियाले प्रहरीसँगै पीडित परिवारलाई अनेकन दबाब र प्रभावमा पार्न चलखेल शुरु गरेको देखिएको हो । कटहरिया–३ बड़ेरवा टोल घरभई कटहरिया–५ बजार क्षेत्रमै घर भएका अहमद राय भाटको छोरा अरमान राय भाटको श्रीमती २१ वर्षीया सानिया प्रविनको शंकास्पद मृत्यु भयो । माइती पक्षले दाइजोको कारण हत्या गरिएको दाबी गर्दै घटनाको छानबिन गरी कडा कानूनी कारबाही माग गरेको छ । जबकि यो काममा यस्तो माग गरिरहन पर्दैन । प्रहरी सक्रिय भएर अपराधीलाई कठघरामा उभ्याउनु पर्छ ।

घटनापछि मुख्य आरोपी मृतक सानियाका श्रीमान अरमान राय भाट फरार भइसकेका छन् । यदि यो आत्महत्या हो भने पत्नी मर्दा कोही पति भाग्दैन । शोकमा हुन्छ तर यहाँ त उनै फरारलाई जोगाउन बिचौलियाहरु इलाका प्रहरी कार्यालय गरुडामा चक्कर लगाइरहेका छन् । रौतहटमा भर्खर नयाँ आएका एसपीको आगमनसँगै बिचौलियाहरुको चलखेलले चस्का दिएको छ ।

दाइजोको कारण छोरी सानियालाई दैनिकजसो कुटपिट गरी ज्वाइँ अरमानसहित सपरिवार मिलेर हत्या गरेको माइती पक्षको दाबी छ । विवाह भएको ६ महिना भयो तर विभिन्न सामान, दाइजोमा र पैसा पनि माग गर्दै छोरीलाई एकपटक पनि माइती जान नदिएको पाइएको छ । यतिसम्मकि छोरी सानिया मर्नु २ घन्टाअघि भिडियो कल गरेर भोलि आउने भन्दै बताएकी थिइन् । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले घटना सम्बन्धमा अनेक कोणबाट अनुसन्धान भइरहेको बताए ।

आपराधिक घटनामा बिचौलियाहरु प्रहरी कार्यालयमा किन चक्कर मार्छन् ? अपराधीलाई उन्मुक्ति दिन ? प्रहरीले आफ्नो कार्यालयमा सेवा लिन आउने भन्दा सेवा बेच्न आउनेहरुसँग सचेत रहनु पर्छ । उनीहरुले सर्वसाधारणलाई यिनै सेवाग्राहीका अगाडि प्रहरीलाई पनि बेचिरहेको हुन्छ । पैसा खोज, जेल बस्नु पर्दैन भनेर भनिरहेका हुन्छन् ।

# हिमाल बचाउ अभियानका लागि सगरमाथा संवाद



शङ्करदास बैरागी

नेपालले अन्तरराष्ट्रियस्तरमा विश्व शान्ति, मानव कल्याणका क्षेत्रमा बनाएको विशिष्ट पहिचानलाई सगरमाथा संवादमार्फत उजागर गर्ने अवसर पाएको छ । असंलग्न परराष्ट्र नीति, तटस्थ दृष्टिकोण र साझा विषयमा साझा ढङ्गबाटै समाधान खोज्दै आएको नेपालले यसलाई सगरमाथा संवादको माध्यमबाट अन्तरराष्ट्रिय जगतमा मुखरित गर्नेछ । आज विश्वव्यापी रूपमै विकासको समस्याको रूपमा रहेको जलवायु परिवर्तनबाट सिर्जित चुनौतीले सङ्कटको रूप लिनथालेको छ । हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य रहे पनि नेपालले त्यसबाट सिर्जित समस्या भने प्रत्यक्षरूपमा भोग्नु परेको छ । एकातिर हामीले विश्वको वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छौँ भने अर्कोतिर हामी नै जलवायु परिवर्तनको समस्याबाट प्रभावित बन्नुपरेको अवस्था छ । यसर्थ, जलवायु न्यायअन्तगत नेपालले वित्तीय तथा प्राविधिक सहयोगका लागि विश्वसामु आफ्नो दाबी प्रस्तुत गर्नका लागि सगरमाथा संवाद महत्वपूर्ण थलो बन्न सक्छ ।

अन्तरराष्ट्रिय तहमा नेपालले खेल्ने भूमिकाअन्तगत नेपालले पहाडी राष्ट्रको गठबन्धनलाई नेतृत्व दिन सक्दछ । नेपाल विश्वका अति कम विकसित राष्ट्रहरुको समूहको अध्यक्ष राष्ट्रसमेत भएकाले पर्वतीय देशहरुको समूहलाई नेतृत्व गर्नसक्छ । पहाड बचाउ अभियान सञ्चालन गरी हामीजस्तै पर्वतीय मुलुकका आवाजलाई सङ्गठित गर्न सकिएमा एकातिर नेपालले भोग्नुपरेका समस्याको समाधानमा अन्तराष्ट्रिय ध्यानाकर्षण गराउन सकिन्छ भने अर्कोतिर कुटनीतिक क्षेत्रमा पनि आफ्नो प्रभाव राख्ने महत्वपूर्ण अवसर बन्न सक्छ । यसबाट हिमालको पक्षमा अन्तरराष्ट्रिय जनमत बनाउन सकियो भने यहाँको विकासका लागि आर्थिक स्रोत अभिवृद्धि हुनसक्छ ।

जलवायु परिवर्तनका कारण भएको प्राकृतिक विपद्हरुबाट नेपालले ठूलो हानी नोक्सानी ब्यहोर्नु परेको छ । धनी राष्ट्रहरुले गरेको प्रतिवद्धताअनुसार हानी नोक्सानी कोषमा झण्डै ९७ प्रतिशत अपुग रहेको छ । जलवायु परिवर्तनसम्बन्धी विश्वमा जति पनि कोष स्थापना गरिएका छन्, त्यसबाट लाभ लिनका लागि स्तरीय प्रस्ताव बनाउनुपर्ने हुन्छ । हामीसँग पनि कुन क्षेत्रमा के कति हानी नोक्सानी भएको छ भने भन्न सक्ने वास्तविक तथ्याङ्कको अभावका कारण त्यसअनुसार दावी गर्न सकिएको छैन । क्षति एवं नोक्सानी कोषबाट सहायता प्राप्त गर्न तत्कालै विभिन्न क्षेत्रमा भएको हानी नोक्सानीको विवरण तयार गरी अध्यावधिक गर्नुपर्ने हुन्छ । अन्तरराष्ट्रिय जलवायु वित्त प्रणालीमा सहज पहुँचका लागि आवाज उठाउन पहल गरी हानी तथा नोक्सानी कोषमा पर्याप्त रकम जुटाउन अन्य राष्ट्रहरु समेतको सहयोगमा आवाज मुखरित गराउने अवसरको रूपमा पनि सगरमाथा संवादलाई उपयोग गर्नुपर्ने हुन्छ ।

जलवायु परिवर्तनको विषय बहुआयामिक क्षेत्र भएकाले यसलाई त्यही रूपमा लिनुपर्छ । यो प्राविधिक विषय मात्र नभई आर्थिक, सामाजिक र कुटनीतिक विषय पनि भएकाले जलवायु परिवर्तनसम्बन्धी वार्ताका लागि कूटनीतिक क्षमता अभिवृद्धि हुनुपर्ने हुन्छ । यसका लागि हाम्रो जलवायु कुटनीति स्पष्ट हुन आवश्यक छ । नेपालका आफ्नो दृष्टिकोणहरुलाई अन्तरराष्ट्रिय मञ्चमा लैजान कुटनीतिक रूपमा दरिलो हुनुपर्छ । जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरुको विश्व सम्मेलनमा सम्बन्धित देशमा रहेका नेपाली राजदूतलाई पनि सहभागी गराउन आवश्यक छ । जलवायु परिवर्तनको अवस्था, यसले पारिरहेको प्रभाव र आगामी दिनमा नेपालले लिनुपर्ने रणनीतिका सम्बन्धमा सामूहिक आवाज बन्नसके मात्र नेपालले फाइदा लिन सक्छ ।

जलवायु परिवर्तनलाई 'समग्र राष्ट्रको एक अवधारणा' अन्तर्गत हेर्नुपर्ने हुन्छ । सरकारका सबै निकायबीच प्रभावकारी समन्वय कायम हुनुपर्ने । जलवायु परिवर्तनको विषय हेर्न राष्ट्रियरूपमा एउटा स्थायी र सशक्त वार्ता टोली गठन गर्ने वा उच्चस्तरीय कार्यकारी निकायको व्यवस्था गर्ने वा आवश्यकताअनुसार जलवायु परिवर्तन हेर्ने गरी विशेष प्रतिनिधि तोक्नुपर्ने देखिन्छ । मन्त्रालयको एउटा महाशाखाको रूपमा मात्र नराखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्अन्तर्गत पनि राख्न सकिएला । त्यसो हुन सकेमा संस्थागत सुदृढीकरण गरी जलवायु वित्तबाट सहायता प्राप्त गर्न प्रस्ताव तयारी र पैरवी गर्न सक्ने गरी क्षमता विकासमा सहयोग पुग्दछ । नेपालले सन् २०४५ सम्म कार्बन न्यूट्रल अर्थतन्त्रमा जान्छौँ भनेर प्रतिवेदन बुझाइसकेका छौँ । ती लक्ष्य हासिल गर्न तीनै तहका सरकारका नीति कार्यक्रम र योजनामा एकीकृत दृष्टिकोण आउन जरुरी छ । तत्कालै राष्ट्रिय रूपमा निर्धारित योगदान र राष्ट्रिय अनुकूलन योजनालाई सबै तहका सरकारको नीति कार्यक्रम र बजेटमा समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

यसैगरी नेपालले नवीकरणीय ऊर्जा, प्रकृतिमा आधारित जलवायु परिवर्तन व्यवस्थापन, जल कूटनीति, वातावरणमैत्री पूर्वाधार, पर्या–पर्यटन र सांस्कृतिक धरोहरको संरक्षण, स्थानीय नेतृत्वको अनुकूलन र समुदायमा आधारित प्राकृतिक स्रोतको व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने अवस्था रहेको छ । यसलाई सरकारले गम्भीरताका साथ आफ्ना नीति, कार्यक्रम र योजनामा समावेश गरी विषेशगरी विपन्न तथा पछाडि परेका र जलवायु परिवर्तनको उच्च जोखिममा रहेका समुदायको सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । अब नेपालले हिमालसँगै समुन्द्रको विषयलाई पनि सँगै जोडेर पैरवी गर्नुपर्ने हुन्छ । क्षेत्रीय सहयोगअन्तगत पहाड र समुन्द्रबीचको अन्तरसम्बन्धमा अध्ययन गर्न आवश्यक छ । जल, कृषि, स्वास्थ्य र जैविक विविधता सम्बन्धमा क्षेत्रीयस्तरमा अध्ययन नहुँदा यसले विश्वको ध्यानाकर्षण गराउन सकेको छैन । उपक्षेत्रीय तहमा जलवायु गठबन्धन गठन गरी सम्भव भएसम्म जलवायु परिवर्तनका सम्बन्धमा क्षेत्रीय धारणा तयार गर्न नेपालले पहल गर्नुपर्छ । जलवायु परिवर्तनका कारण हिमालमा पर्ने असरबाट तल्लोतटीय क्षेत्रको जलस्रोत, कृषि, जनजीविका, जैविध विविधतामा प्रत्यक्ष प्रभाव पर्नुको साथै समुन्द्रमा पनि असर पर्ने हुँदा यसलाई जोडेर हेर्न सकिएमा विश्वको ध्यानाकर्षण गर्न बल पुग्दछ । अहिले नै झण्डै दुई अर्ब जनसङ्ख्या यसबाट प्रत्यक्ष प्रभावित हुने अवस्था छ । जलवायु परिवर्तनको विषय पृथ्वीको स्वास्थ्यसँग मात्र जोडिएको छैन, भविष्यका सन्ततिको अधिकारसँग पनि जोडिएको कुरा हो ।

नेपालले वातावरणीय सन्तुलन र संरक्षणका लागि पु¥याएको योगदानलाई उजागर गर्दै नेपालले त्यसवापत सुविधा पाउनुपर्ने पक्षमा दरिलो वकालत गर्न सकेको छैन । वातावरणीय जोखिमका आधारमा जलवायु वित्त तथा प्राविधिक सहयोग प्राप्त गर्न पहल गर्नु जरुरी भएको छ । पेरिस सम्झौताको कार्यान्वयन तथा उच्चस्तरको जलवायु कार्यका लागि कदम चाल्न औद्योगिक राष्ट्रहरुलाई जोडदार रूपमा आग्रह गर्नुपर्ने हुन्छ । प्रमाण र तथ्यमा आधारित नेपालको जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अवधारणा तयार नगरेसम्म हाम्रा माग वा दावी फितलो हुन्छ । राष्ट्रिय क्षमता विकासमा जोड दिन र अन्तरराष्ट्रियस्तरमा जलवायु सम्बन्धमा मुख्य कार्बन उत्सर्जन गर्ने राष्ट्रहरूको उत्तरदायित्व स्थापित गराउनेतर्फ कूटनीतिक प्रयासमा जोड दिनुपर्छ । जलवायु परिवर्तनको सम्बन्धमा ढिलो न्याय दिनु भनेको मानिसको अस्तित्वकै अस्वीकृति हो भन्ने मान्यतालाई जोडदाररूपमा अघि बढाउँदै प्रमुख कार्बन उत्सर्जन गर्ने राष्ट्रहरुले यस सम्बन्धमा नैतिक, राजनीतिक र वित्तीय दायित्व बहन गर्नुपर्छ भन्ने कुरालाई जोडदारका साथ उठाउन आवश्यक छ । आगामी दिनमा जलवायु वार्ताका लागि अवलम्बन गर्ने रणनीति तयार गर्नसमेत सगरमाथा संवादले सहयोग पुग्नेछ ।

सगरमाथा संवादको पूर्वसन्ध्यामा सामाजिक–आर्थिक नीतिका बारेमा अध्ययन, अनुसन्धान एवं अन्तरक्रिया गर्दै आइरहेको प्राज्ञिक संस्था इन्स्टिच्युट फर स्ट्राटेजिक एण्ड सोसियो–इकोनोमिक रिसर्च (आइएसएसआर)को आयोजनामा गत वैशाख १८ र १९ गते काठमाडौँमा 'जलवायु परिवर्तनसम्बन्धी बहु–सरोकारवाला सम्वाद ः नेपालका लागि रणनीतिक आवाज' विषयक दुईदिने सम्मेलनको आयोजना गरिएको थियो । जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय फोरममा नेपालले प्रस्तुत गर्ने धारणा एवं वार्ता र सम्झौताका चरणमा राख्ने अडान एवं दृष्टिकोणलाई टेवा पु¥याउने उद्देश्यले आयोजना गरिएको यस सम्मेलनमा कार्बनमुक्त अर्थतन्त्रका लागि ऊर्जा, जल व्यवस्थापन, दिगो वन व्यवस्थापन, औद्योगिक क्षेत्र, निर्माण क्षेत्र, कृषि क्षेत्र, यातायात क्षेत्र, फोहोर व्यवस्थापन, सहरी विकास र चक्रीय अर्थतन्त्रका बारेमा छलफल भएको थियो । रासस

# सगरमाथा संवादः हरित अर्थतन्त्र र जलवायु कूटनीतिमा जोड



शीतलप्रसाद महतो

वातावरणमैत्री, दिगो र समावेशी विकासलाई प्राथमिकता दिने आर्थिक प्रणालीलाई नै हरित अर्थतन्त्र भन्ने गरिन्छ । जसले आर्थिक वृद्धिसँगै पृथ्वीको संरक्षणमा पनि ध्यान दिन्छ । साथै, यसले स्वच्छ ऊर्जाको प्रवद्र्धन, वातावरण प्रदूषण गर्ने वस्तुहरूमा कर लगाउने तथा जलवायु अनुकूल बजेट र कर प्रणाली विकास गर्नेजस्ता उपायलाई आत्मसात् गरेको हुन्छ । हाल विश्वभर जलवायु सङ्कट गहिरिँदै जाँदा हरित अर्थतन्त्र र हरित करजस्ता अवधारणाहरू अन्तर्राष्ट्रिय बहसका प्रमुख मुद्दा बनेका छन् । हरित कर भन्नाले पर्यावरणमा नकारात्मक प्रभाव पार्ने गतिविधिमा लगाइने विशेष कर हो । यसले वातावरणमैत्री, स्रोतको दिगो उपयोग र प्रदूषण नियन्त्रणमा प्रोत्साहन दिन्छ ।

यस्तो करले व्यक्ति र व्यवसायलाई वातावरणमैत्री गतिविधि अपनाउन प्रेरित गर्छ र प्राकृतिक स्रोतको संरक्षण गर्ने लक्ष्य राखेको हुन्छ । हरित करको मुख्य उद्देश्य भनेको नै आर्थिक गतिविधिको पर्यावरणीय प्रभावलाई घटाउन, दिगो विकासको अवधारणा लागू गर्न एवं प्रदूषण फैलाउने उद्योग, वाहन, वस्तु वा सेवालाई अतिरिक्त शुल्क लगाएर तिनलाई स्वच्छ विकल्पतर्फ प्रेरित गर्नु हो । नेपालजस्तो जलवायु परिवर्तनको असर बढी देखिएको मुलुकमा हरित करले वातावरण संरक्षण र दीर्घकालीन समृद्धिमा सघाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । हरित करको अवधारणाको सुरुआत सन् १९२० मा अर्थशास्त्री आर्थर पिगुले 'पिगोवियन ट्याक्स'को प्रस्ताव गरेका थिए । सन् १९७० को दशकमा पर्यावरणीय चेतनाको वृद्धि र १९७२ को स्टकहोम सम्मेलनले प्रदूषण नियन्त्रणलाई प्राथमिकता दिँदै हरित करको आधार तयार गरेको थियो ।

त्यसयता युरोप, अमेरिका र अन्य मुलुकले क्रमिक रूपमा प्रदूषण कर प्रणाली लागू गर्दै कार्बन उत्सर्जन नियन्त्रण र नवीकरणीय ऊर्जा प्रवद्र्धनमा ध्यान दिएको पाइन्छ । सन् १९९० को दशकमा जलवायु परिवर्तनको विषयले व्यापक चासो पाउँदै क्योटो प्रोटोकलमार्फत कार्बन बजार सुरु भयो र सन् २०१५ पेरिस सम्झौताले कार्बन मूल्य निर्धारणलाई प्रोत्साहन गरेको पाइन्छ । सन् २०१९ मा डेनमार्क र नेदरल्यान्डले आफ्नो कुल कर राजस्वको क्रमशः ८ र ८.६ प्रतिशत हरित करबाट सङ्कलन गरेको उदाहरण छ ।

नेपालमा पनि हरित करको विकास क्रम सन् २००० पछि सुरु भई सन् २०१५ मा पेट्रोलियम पदार्थमा कर लगाइनु, २०१९ मा प्लास्टिक कर प्रस्ताव र पछिल्ला वर्षमा प्रदूषक उत्पादनमा करको प्रस्ताव विभिन्न चरणमा अघि बढिरहेका छन् । नेपालमा हालसम्म हरित करलाई छुट्टै शीर्षकमा नामकरण गरेर लगाइएको छैन तर विभिन्न करहरूका माध्यमबाट वातावरण प्रदूषण गर्ने वस्तु तथा सेवाहरूमा अप्रत्यक्ष रूपमा कर लगाइएको छ । पेट्रोल र डिजेलमा प्रदूषण नियन्त्रण शुल्क लगाइँदै आएको छ । जसबाट आर्थिक वर्ष २०८०/८१ मा करिब रु तीन अर्ब १२ करोड रुपैयाँ राजस्व संकलन भएको थियो । यसबाट हालसम्म २५ अर्ब ३९ करोड ६६ लाख रुपैयाँ राजस्व संकलन भइसकेको छ । यस्तै, सडक मर्मत तथा सुधार दस्तुर र सवारीसाधनमा सडक निर्माण तथा सम्भार दस्तुरका रूपमा पनि राजस्व संकलन गरिएको छ । यसबाट आव २०८०÷०८१ मा क्रमशः आठ अर्ब सात करोड र चार अर्ब ५३ करोड रुपैयाँ संकलन भएको तथ्यङ्क छ । यस्ता करहरू पूर्णतः हरित कर त होइनन् तर वातावरणीय दृष्टिकोणले प्रभाव पार्ने तत्वहरूमा आधारित छन् ।

यसरी नेपालले न्यून दरबाट सुरु गरी चरणबद्ध कार्यान्वयन, सामाजिक स्वीकार्यता बढाउने छुट र फिर्ता व्यवस्था, वातावरणीय कोष स्थापना र पेरिस सम्झौताअन्तर्गत अन्तर्राष्ट्रिय सहकार्यद्वारा हरित कर प्रणालीलाई प्रभावकारी बनाउँदै दिगो विकासको अग्रसरतामा महत्वपूर्ण भूमिका निर्वाह गरिहेको छ ।

नेपालले विश्वमा हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान (०.१ प्रतिशतभन्दा कम) दिए तापनि जलवायु परिवर्तनका नकारात्मक असरहरू (हिमनदी पग्लनु, कृषि उत्पादन घट्नु) निकै झेलिरहेको छ । फलस्वरुप स्वदेशमै स्वच्छ ऊर्जा र वातावरणमैत्री अभ्यासमा ध्यान दिन आवश्यक भएको देखिन्छ । यसका लागि स्वच्छ ऊर्जा प्रवद्र्धन गर्ने नीतिलाई अझ स्पष्ट र तथ्यमा आधारित बनाउन आवश्यक छ । यातायात र इँटा उद्योगमा कार्बन कर लगाएर राजस्व धेरै नआउला तर वातावरणीय रूपान्तरण र हरित प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्न सकिन्छ । यसका साथै, विलाशिताका साधनहरूमा उच्च कर र स्वच्छ ऊर्जामा आधारित सवारीसाधनमा कम महसुल राखी करको पुनःसंरचना गर्नु अहिलेको आवश्यकता छ ।

नेपालमा हरित करको कार्यान्वयनले वातावरण संरक्षण र प्रदूषण नियन्त्रणमा योगदान पु¥याउने उद्देश्य राखेको भए पनि यसको कार्यान्वयनमा धेरै समस्याहरू देखिएका छन् । पेट्रोलमा प्रतिलिटर रु एक र कोइलामा प्रतिकिलो रु ० दशमलव ५० जस्ता न्यून दरहरू प्रभावकारी नहुने जोखिम देखिएको छ । प्रदूषण नियन्त्रण शुल्कसँग दोहोरो करको समस्या यथावत छ । यसको नाममा संकलित भएका रकमको उपयोगमा पारदर्शिता र जवाफदेहिताको अभाव देखिएको छ । फलस्वरुप वातावरण संरक्षण र अनुसन्धानमा खर्च नहुने स्थिति उत्पन्न भएको छ । एकातिर यस्ता करले उपभोक्तामाथि अतिरिक्त करको बोझ पर्दा साना व्यवसायी र सर्वसाधारण मूल्यवृद्धिको मारमा परेका छन् भने अर्कोतिर अर्थ, वन तथा वातावरण र ऊर्जा मन्त्रालयबीच समन्वयको अभाव र भन्सार पूर्वाधार करसँग एकीकरणमा ढिलाइले नीतिगत समस्याहरू उत्पन्न भएका छन् ।

प्राकृतिक स्रोत साधन, सौन्दर्यता एवं जैविक विविधताले भरिपूर्ण नेपालले हरित अर्थतन्त्रबाट धेरै लाभ लिन सक्ने अवसर छ । वातावरणीय प्रदूषण गरे वापत क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त अनुरुप कार्वन व्यापारमार्फत नेपालले औद्योगिक मुलुकहरुबाट लाभ प्राप्त गर्न सक्ने अवसरको उपयोग गर्नुपर्ने देखिन्छ ।

यसका लागि नवीकरणीय ऊर्जा, हरित निर्माण, स्वच्छ यातायात, जल व्यवस्थापन, फोहोर व्यवस्थापन, भूमि व्यस्थापन, पर्यापर्यटन, दिगो कृषि उत्पादन, दिगो वन व्यवस्थापन, वातावरण मैत्री पूर्वाधार विकास, हरित रोजगारी र प्राङ्गारिक कृषि खेतीको अवलम्बन गर्न प्रोत्साहन दिने गरी नेपालको विकास नीति तय गर्न सक्नुपर्दछ । अहिले पनि नेपालको ६० प्रतिशत जनसंख्या कृषिमा आधारित देखाउँछ । कृषिलाई वातावरण एवं जलवायुमैत्री बनाउनुपर्ने र त्यसका लागि हरित अर्थतन्त्रको मोडल सहयोगी बन्नसक्छ ।

जलवायु न्यायसँग जोडिएको जलवायु वित्तको रकम अहिलेसम्म तल्लो तहमा पुग्न सकेको छैन भने यससम्बन्धी ज्ञानको पनि अभाव देखिएको छ । सरकारी तथा गैरसरकारी संघसंस्थाका कामहरू केन्द्रमा सीमित हुँदा जलवायु अनुकूलन कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्थानीय तह बेखबर जस्तै छ । जलवायु वित्त र अनुकूलनमाथिको बहस र बजेट जबसम्म स्थानीय तहसम्म पुग्दैन तबसम्म जलवायु अनुकूलन कार्यमा अनुभूति हुनेगरी काम हुन सक्दैन् । त्यसैले जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु स्थानीय तहसम्म विस्तार र प्रचार प्रसार गर्दै गरिवी न्यूनीकरणमा सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्दछ । यसका साथै अर्थतन्त्रको एक प्रमुख घटक बैंक तथा वित्तीय क्षेत्रलाई समेत हरित बैकिङ्गको अवधारणा अनुरुप कर्जा प्रवाह र लगानीलाई प्रोत्साहन गर्ने नीतिलाई पूर्ण राजनीतिक प्रतिबद्धताका साथ कार्यान्वयनमा जोड दिनुपर्दछ ।

अहिले सरकारले सगरमाथा संवादमार्फत जलवायु परिवर्तनको असरप्रति चासो देखाएको छ । यो संवाद जलवायु कूटनीतिमा नेपालको पहिलो खुड्किलो हो । यसले जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि विश्वको सहकार्य आवश्यक छ भन्ने सन्देश पनि सरकारले दिन खोजिएको छ । छिमेकी मुलुकलगायत विभिन्न मुलुकका सरकारका प्रतिनिधि र विज्ञहरूलाई बोलाएर जलवायुका विषयमा विचार मन्थन गर्ने फोरमको आयोजना गर्नुले नेपाल हिमालको मुद्दामा गम्भीर छ भन्ने सन्देश विश्वलाई दिन खोजेको छ । यसका लागि सरकारले आन्तरिक स्रोत व्यवस्थापन, नीति परिवर्तन, ऊर्जा र प्रविधिमा लगानी विस्तार गर्दै परम्परागत विकासको अवधारणालाई परिमार्जन गरी यसलाई जलवायुमैत्री र हरित अर्थतन्त्रमा रुपान्तरण गर्न सक्नुपर्दछ । योसँगै अन्तरराष्ट्रिय समुदायबाट जलवायु वित्त अथवा अरू लगानीको नाममा पाउने रकममा पहुँच बढाएर त्यसलाई हरित अर्थतन्त्रमा लगानी बढाउनु पर्दछ । यसरी जलवायुमैत्री र हरित अर्थतन्त्रको विकास मोडेल अवलम्बन गर्नसक्ने हो भने अबको डेढ दशकभित्र हरित अर्थतन्त्रको उत्कृष्ट मोडलका रूपमा नेपाल विश्वभर पहिचान बनाउन सकिन्छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# गभर्नरमा मेरिटोक्रेसीका आधारमा क्षमतावान व्यक्ति नियुक्त हुन्छः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल राष्ट्र बैङ्कको रिक्त गभर्नरमा व्यक्तिगत निकटताका आधारमा नभई योग्यताक्रमका आधारमा क्षमतावान व्यक्तिको नियुक्ति गर्ने पक्षमा आफू रहेको बताएका छन ।
पूर्वयोजनाकार मञ्च नेपालको औपचारिक शुभारम्भ कार्यक्रमलाई बिहिवार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने, 'राष्ट्र बैङ्कमा मेरो कोही ल्याउनु छैन । 'मेरिटोक्रेसी'का आधारमा क्षमतावान मान्छे ल्याउने हो । काम गर्नसक्ने मान्छे भए देशलाई भइहाल्छ ।मेरो मान्छे भन्ने चाहिँदैन । म प्रधानमन्त्री हो तर सरकारमा म मात्र छैन । त्यसैले सकेसम्म 'मेरिटोक्रेसी'लाई महत्व दिन्छु ।'
प्रधानमन्त्री ओलीले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्ष र सदस्यमा पनि सिफारिस समितिबाट प्राप्त प्रतिवेदनका आधारमा क्षमतावान् व्यक्ति नियुक्ति भएको स्पष्ट गरे । उनले एक आयोगका अध्यक्षलाई मुख्यसचिव हुँदा चिनेको बाहेक अरु पदाधिकारीसँग आफ्नो व्यक्तिगत चिनजान र सम्बन्ध नरहेको स्पष्ट गरे ।
प्रधानमन्त्री ओलीले पूर्वयोजनाकारको संस्थाबाट आफ्ना सोच र अनुभवको आदानप्रदान होस् भन्ने कामना गर्दै व्यक्तित्व टकराव नगरी संस्थाको दिगोपनाको कामना गरे ।रासस

# 'कम्युनिष्ट पार्टी नयाँ धरातलबाट हिँड्नुपर्छ'

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले कम्युनिष्ट पार्टीहरूले विगतका कमीकमजोरीलाई स्वीकार गरेर नयाँ धरातलबाट हिँड्नुको विकल्प नभएको बताएका छन ।
निर्मल लामा स्मृति प्रतिष्ठानले बिहिवार आयोजना गरेको 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र र त्यसका चुनौतीहरू' विषयक विचार गोष्ठीमा उनले कम्युनिष्ट पार्टीहरूले आगामी दिनमा आफ्ना कमीकमजोरी सच्चाउँदै नयाँ धरातलबाट हिँड्नुपर्ने आवश्यकता औँल्याए ।
उनले भने, 'यदि हामीले वैज्ञानिक समाजवादतर्फको यात्रा हिँडेको हो भने समाजवादी क्रान्तिलाई सम्पन्न गर्न आधारभूत विषय सम्बोधन गर्नुपर्नेछ ।' नेपाल पुँजीवादी व्यवस्थामा अगाडि बढिरहेको भए पनि वामपन्थी आन्दोलनको परिणामस्वरुप समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्वलगायत विषय संविधानमा समेटिएको उनले उल्लेख गरे ।
'कम्युनिष्ट पार्टीले पुँजीवादी गणतन्त्रलाई उपयोग गरेर समाजवादी गणतन्त्रमा पुग्ने लक्ष्य राख्नुपर्छ', नेता खनालले भने 'यथास्थितिको बाटोबाट गन्तव्यमा पुगिँदैन, अब क्रान्तिकारी कार्यक्रम र कार्यदिशा आवश्यक छ ।'
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष युवराज ज्ञवालीले नेपालमा जनवादी क्रान्ति सम्पन्न भएकाले वामपन्थी शक्तिले वैज्ञानिक समाजवादलाई रणनीतिक लक्ष्य बनाएर त्यसको आधार तयार गर्नुपर्ने अहिलेको मुख्य दायित्व भएको बताए ।
'अब हाम्रो यात्रा समाजवाद, समतामूलक, न्यायपूर्ण र समृद्ध समाज निर्माण गर्नु हो', उनले भने, 'अहिले पनि नेपाली राजनीति, सामाजिक परिवेश र अर्थतन्त्रमा नोकरशाही पुँजीवादको नियन्त्रण कायम छ, यो मुख्य चुनौती हो ।
उत्पादन वृद्धि, स्वाधीन अर्थतन्त्र, राष्ट्रिय पुँजीको विकास गरेर नोकरशाही पुँजीवादविरुद्ध लड्न सबै एकजुट हुनुपर्छ ।'रासस

# 'सिँचाइ र कृषिको संयुक्त प्रयासबाट खाद्य सुरक्षाको स्थायित्व'

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले कृषि र खाद्य प्रणाली रुपान्तरणका लागि पानीको महत्व उच्च रहेको बताएका छन । जल स्रोत तथा सिँचाइ विभाग, राष्ट्रिय सिँचाइ तथा निकास समिति, अन्तरराष्ट्रिय जल व्यवस्थापन संस्था र इञ्जिनियरिङ अध्ययन सस्थानद्वारा संयुक्त बिहिवार आयोजित 'कृषि–खाद्य प्रणाली रूपान्तरणका लागि पानी' विषयक सम्मेलनमा उनले कृषि र खाद्य प्रणालीको रुपान्तरण गर्न पानीको महत्व उच्च भएकाले नेपाल सरकारले पनि यसलाई प्राथमिता दिएको जानकारी दिए । 'पानीलाई पिउन र सरसफाइको लागि मात्र प्रयोग नगरी खाद्य प्रणालीको विस्तारमार्फत मानिसको जीवनस्तर सुधार गर्न मद्दत गर्दछ,' उनले भने, 'नेपालमा धेरैजसो मानिसहरु खेतीपाति र कृषि क्षेत्रमा निर्भर रहेको हुँदा यसलाई सुधार गर्न जरुरी छ ।'
मन्त्री खड्काले जलवायु परिवर्तनका कारण खडेरी, बाढी र मौसम परिवर्तनका जोखिम बढ्दा यसले नेपालको कृषि र सिँचाई क्षेत्रमा ठूलो हानी पु¥याएको बताए । सिँचाइले किसानलाई धेरै वाली उब्जाउन र नयाँ प्रविधिको प्रयोगमा सहयोग पु¥याउने उनको भनाइ थियो । उर्जामन्त्री खड्काले सरकारले विस २०८० मा जारी गरेको सिँचाई नीतिले राम्रो प्रविधिको प्रयोग गर्ने, वर्षभरि पानी दिने र स्थानीय समुदायसँग मिलेर काम गर्ने कुरामा सहयोग पु¥याउने उल्लेख गरे । उनले भने 'सिँचाइ र कृषि क्षेत्रकोसँगै योजना बनाएर अगाडि बढेमात्र पानीको बचत गर्न सकिने छ ।'




सम्मेलनमा ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले सम्मेलनले सिँचाइ र कृषि क्षेत्रको सहकार्यबाट खाद्य प्रणाली सुधारमा पानीको भूमिका पहिचान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै राष्ट्रिय विकासको आधार कृषि भएकाले यस क्षेत्रको विकासका लागि पानीको सही सदुपयोग हुनुपर्ने बताए । कृषि तथा पशुपञ्छी विकास मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले पानीको सही सदुपयोगमार्फत कृषि उत्पादकत्व बढाउनका लागि कृषि मन्त्रालय र सिँचाई विभागको थप समन्वयको आवश्यकता औँल्याउँदै सिँचाइ योग्य जमिनमा कृषिखेती नै प्रवद्र्धन गरिनुपर्छ भने ।
जल स्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले सम्मेलनमा सिँचाइ र कृषिको संयुक्त प्रयासबाट खाद्य सुरक्षाको स्थायित्व र जलस्रोतको प्रभावकारी उपयोगबाट आर्थिक समृद्धि हाँसिल गर्नेबारे आवश्यक छलफल हुने जानकारी दिए । त्यसैगरी जल स्रोत तथा सिँचाइ विभागका उपमहानिर्देशक मित्र बरालले सम्मेलनमा पानी, कृषि उत्पादन र खाद्य सुरक्षालाई जोड्ने नीति तथा अभ्यासमाथि छलफल गरी नेपाल सरकारको कृषि र सिँचाइ रणनीति तथा दिगो विकास लक्ष्य १, २ र ६ सँग समन्वयमा कार्यदिशा तय गर्ने जानकारी दिए । उनले भने, ' कृषि–खाद्य प्रणाली रूपान्तरणका लागि पानीको महत्व उच्च हुन्छ । सिँचाइ तथा कृषिको संयुक्त प्रयासवाट खाद्य सुरक्षाको स्थायित्व, दक्षतापूर्वक जलस्रोतको उपयोगबाट आर्थिक समृद्धि हाँसिल गर्न आवश्यक पर्ने रणनीतिमा सम्मेलनमा छलफल हुनेछ र सम्मेलनबाट निष्केका निचोडलाई कार्यान्वयनमा लैजान्छौँ ।'
कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले 'कृषिसँगै आर्थिक वृद्धिमा गुमेका अवसरहरूः क्षेत्रगत एकीकरणका लागि विचार र समायोजन दृष्टिकोण' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै कृषि उत्पादकत्व वृद्धि गर्न सिँचाइलाई प्रवद्र्धन गर्न जरुरी छ भने । उनले भने , ' कृषि र खाद्य प्रणालीको रुपान्तरण गर्न सिँचाइमा लगानी वढाउन लागिएको छ ।'
इन्टरनेसनल कमिसन अन इरिगेशन एण्ड ड्रिनेजका अध्यक्ष मार्को आर्चिएरीले 'कृषि–सिँचाइ एकीकरणका चुनौती र अवसर' कार्यपत्र प्रस्तुत गर्नुहँदै जलवायु परिवर्तनको प्रत्यक्ष असर कृषि प्रणालीमा परेको बताए । इन्टरनेसनल वाटर म्यानेजमेन्ट इन्स्टिच्युट महानिर्देशक डा मार्क स्मिथले 'अनुसन्धानद्वारा एकीकृत सिँचाइ र कृषिमा सुधार' विषयमा कार्यपत्र प्रस्तुत गर्दै परम्परागत खेती प्रणालीमा सुधार गर्न र सिँचाइका लागि जलव्यवस्थापनमा ध्यान दिन आग्रह गरे ।
नेपालको कृषि क्षेत्रले खाद्य सुरक्षा र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पु¥याउँदै आएको छ । यसले ठूलो जनसङ्ख्यालाई रोजगारी समेत दिएको छ भने मुलुकको कूल गार्हस्थ उत्पादनमा झण्डै २५ प्रतिशत योगदान पु¥याउँदै आएको छ । जलवायु परिवर्तन, पानीको अभाव र व्यवस्थापनको कमीले सबै सिँचाइयोग्य भूमिमा वर्षभरि सिँचाइ सुविधा पुर्‍याउन कठिनाइ भइरहेको छ ।
सम्मेलनको प्राविधिक सत्रमा खाद्य सुरक्षाका लागि सिँचाइः अभ्यास र चुनौती र कृषि क्षेत्र र सिँचाइबीच सहकार्यका सम्भाव्य बाटोहरूको पहिचान विषयमा छलफल समेत हुने छ ।रासस

# पूर्वमन्त्री बस्नेतसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम' (टेरामक्स) खरिद प्रक्रियामा अनियमितता गरेको आरोपमा तत्कालीन सूचना तथा सञ्चारमन्त्री एवं प्रतिनिधिसभाका सांसद मोहनबहादुर बस्नेतसहित १६ जनाविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।
अख्तियारले नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा, प्राधिकरणका तत्कालीन सदस्य धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेती, प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाल, प्राधिकरणका निर्देशक विजयकुमार राय, उपनिर्देशक रेवतीराम पन्थ, सुरेश बस्नेत, हिरण्यप्रसाद बस्ताकोटी र अच्युतानन्द मिश्रविरुद्ध मुद्दा दायर गरेको हो ।
प्राधिकरणका निर्देशक सुरेन्द्रलाल हाडा र दिपेश आचार्य एवं उपनिर्देशक सन्दिप अधिकारी, परामर्शदाता कम्पनीका प्रमुख कार्यकारी अधिकृत जमल अनौती, सोही कम्पनीका स्थानीय प्रतिनिधि दिलीपकुमार गुरुङ र निर्देशक तेजप्रसाद खरेलविरुद्धसमेत मुद्दा दायर भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।
आयोगले तत्कालीन सञ्चारमन्त्री बस्नेत आरोपी सबै जनाविरुद्ध जनही रु तीन अर्ब २१ करोड, ८३ लाख, ७७ हजार १८२ बिगो मागदाबी गरेको छ ।
आयोगले दूरसञ्चार प्राधिकरणमा विचाराधीन रही बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय नभइसकेको अवस्थामा तत्कालीन मन्त्रीले पदीय अधिकारको दूरपायोग गरी एकलौटी रूपमा प्राधिकरणले प्रस्ताव नगरेको थप कार्यक्रम समावेश गरी संस्थालाई हानीनोक्सानी पु¥याउने पृष्ठभूमि तयार गरेको, टेरामक्स खरिद कार्य पूर्वतयारी नगरेको, लागत अनुमान र खरिद गुरुयोजना तयार नगरेकोलयायत आरोप लगाएको छ ।रासस

# नक्कली कागजात बनाउने गिरोह पक्राउ

**काठमाडौँ ।**
सरकारी कार्यालय, स्थानीय तह, बैंक तथा वित्तीय संस्था, शैक्षिक प्रमाणपत्रलगायत कागजात किर्ते गरी नक्कली बनाउने गिरोहका तीन जना पक्राउ परेका छन् । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौँको तारकेश्वर नगरपालिका–७ फुटुङबाट उनीहरूलाई पक्राउ गरेको हो ।
प्रहरीले नक्कली कागजात बनाउने गोरखाको भीमसेन गाउँपालिका–१ मसेलकी ४६ वर्षीया अञ्जनी बयलकोटी, ओखलढुङ्गाको चम्पादेवी गाउँपालिका–७ का २८ वर्षीय निर्मल खड्का र मकवानपुरको कैलाश गाउँपालिका–२ छ्याङ्ढुङका २३ वर्षीया अञ्जु खत्रीलाई किर्ते कागजातसहित पक्राउ गरेको हो ।
निजहरूलाई आवश्यक कारबाहीका लागि बिहिवार जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको कार्यालयका प्रवक्ता काजीकुमार आचार्यले जानकारी दिए ।उनका अनुसार पक्राउ परेकी बयलकोटीले आठ वर्षदेखि सरकारी तथा गैरसरकारी कार्यालयका कागजात, विभिन्न स्थानीय तहको सिफारिस पत्र, विभिन्न शैक्षिक संस्थाका प्रमाणपत्र, जग्गाधनी पुर्जा, सवारीचालक अनुमतिपत्रलगायत कागजात किर्ते गरी प्रयोग तथा प्रचलनमा ल्याउने गरेको अनुसन्धानबाट खुलेको छ ।
निजले फुटुङमा कोठा भाडामा लिई नक्कली कागजात डिजाइन गर्न दुई जना सहयोगीलाई मासिक १० रुपैयाँ देखि १५ हजार रुपैयाँ सम्म तलब दिई कार्यालय सञ्चालन गरेकी पाइएको प्रहरीले जनाएको छ ।
बैंकबाट ऋण लिने प्रयोजनार्थ नक्कली जग्गाधनी पुर्जा बनाइदिने गरेको अनुसन्धानबाट खुल्न आएको प्रवक्ता आचार्यले जानकारी दिए । उनका अनुसार पक्राउ परेकाहरूले विद्यार्थी भिसामा जापान जानेहरूका लागि सहकारी संस्थाका 'स्टेटमेन्ट'समेत बनाएर कुरियरमार्फत पठाउने गरेका पाइएको छ ।
उनीहरूले विभिन्न शैक्षिक संस्था तथा सरकारी कार्यालयका 'होलोग्राम'हरू आवश्यकताअनुसार उपलब्ध गराउने, जापानलगयत विभिन्न देशमा कामदार भिसामा जानका लागि विभिन्न तहको शैक्षिक प्रमाणपत्र तथा अनुभवपत्र बनाइदिने गरेको अनुसन्धानबाट खुलेको छ ।
प्रहरीले उनीहरूका साथबाट नक्कली जग्गाधनी प्रमाणपुर्जा, विभिन्न तहका शैक्षिक प्रमाणपत्र, बैंक तथा सहकारीका लेटरप्याड, छाप, कम्प्युटर, प्रिन्टरलगातय सामग्री बरामत गरेको छ । रासस

# प्रतिनिधिसभामा दुई प्रतिवेदन पेस

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहिवारको बैठकमा दुई संसदीय समितिको छुट्टाछुट्टै वार्षिक प्रतिवेदन पेस भएको छ । बैठकमा अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सभापति राजकिशोर यादवले 'अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको वार्षिक प्रतिवेदन, २०८२' र कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति विमला सुवेदीले 'कानुन, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०८१÷८२' प्रतिवेदन पेस गरेका छन ।
पर्यटन समितिका सभापति यादवले समितिको गठन भएदेखि हालसम्म ४० वटा बैठक सम्पन्न भएका बताउँदै ती बैठक नीति, कार्यक्रम, कार्यान्वयन र उपलब्धिको समीक्षामा केन्द्रित रहेका जानकारी दिए । उनले वैदेशिक भ्रमणलाई प्रभावकारी बनाउने, नागरिक उड्डयन प्राधिकरण र हवाई सेवा प्राधिकरणसम्बन्धी विधेयकबारे समितिले निर्देशन गरेको बताए ।
पशुपति क्षेत्र विकास कोषको अवस्था सुधारबारे पनि समितिले निर्देशन दिएको थियो । समितिका बैठक विभिन्न क्षेत्रका लागि महत्त्वपूर्ण भई सरकारका विभिन्न निकायलाई आवश्यक सुझाव, निर्देशन र ध्यानाकर्षण गराउने काम भएको सभापति यादवले बताए ।
प्रतिनिधिसभा नियमावलीअनुसार समितिको कार्यक्षेत्रभित्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालय पर्दछन् । मन्त्रालयको कार्य, प्रभावकारिता बढाउन विधि निर्माण, उत्तर विधायिक परीक्षण, बजेटको अनुगमन, निर्देशन र छलफलमार्फत गुणस्तर निर्माण गर्ने कार्यादेशमा समिति रहेको उनको भनाइ छ ।
नेपालको अन्य मुलुकसँगको कुटनीतिक सम्बन्धका विविध आयामका साथसाथै मुलुकको संस्कृति, पर्यटन र नागरिक उड्ड्यनको सन्दर्भमा सरकारका काम कारबाहीको निगरानी तथा समस्या समाधानका लागि सहजीकरण गर्न समिति क्रियाशील रहेको छ । दुई पक्षीय सम्बन्धलाई सुमधुर बनाउन भारतसहित अन्य मुलुकमा भ्रमण गरी अनुभव र सिकाइ आदनप्रदान गरिएको छ ।
समितिले आगामी दिनमा समितिको र मातहतका निकायको काम कारबाहीलाई थप प्रभावकारी बनाउन अनुसन्धानमूलक कार्यमा सहकार्य गर्ने, सरकारका विभिन्न निकायलाई दिएको सुझाव एवं दिर्नेशन कार्यान्वयनलाई सुनिश्चित गर्ने, सरकार र सञ्चार जगतबीच उचित समन्वय गर्ने र स्रोत साधनका लागि पैरवी गर्ने प्रतिबद्धता व्यक्त गरे ।
त्यसैगरी कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति सुवेदीले समितिको हालसम्म ६४ बैठक र उपसमितिको ५४ बैठक गरी कूल एक सय १८ बैठक सम्पन्न गरी आवश्यक सुझाव, निर्णय र निर्देशन दिइएको जानकारी दिए । उनका अनुसार समितिले मानव अधिकारको सम्मान, संरक्षण र सम्वद्र्धन गर्नका लागि सरोकार भएका निकायलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिएको छ ।
त्यसैगरी समितिले कानुन र न्यायको क्षेत्रमा सकारात्मक सुधार गरी लोककल्याणकारी राज्य र कानुनी राज्य स्थापनामा सरकार र सम्बन्धित निकायलाई रचनात्मक रायसल्लाह र निर्देशन गरेको प्रतिवेदनमा उल्लेख छ ।
समितिको कार्यक्षेत्रअन्तर्गत कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, मानव अधिकार, अन्तरराष्ट्रिय सन्धिसम्झौता, शान्ति प्रक्रिया, मौलिक हकको कार्यान्वयनको अवस्था र सम्बन्धसँग सरोकार भएका विषय र निकाय पर्दछन् ।
मुलुकको शासकीय गतिविधि सञ्चालन गर्ने प्रधानमन्त्री र मानवीय व्यवहारलाई नियमन, निर्देशन, नियन्त्रण कायम गर्नेगरी समाज र राज्यलाई निश्चित मार्गदर्शन गर्न जारी गरिने कानुनी दस्तावेज निर्माणमा समितिको महत्त्वपूर्ण भूमिका रहेको सभापति सुवेदीले बताए ।
मानव अधिकारको संरक्षण, सम्वद्र्धन गर्दै मानव अधिकार हननका घटना हुन नदिन समितिले आफ्नो क्षेत्रभित्र पर्ने निकाय र सरोकार भएकासँग छलफल गरी विभिन्न रायसल्लाह र निर्देशन दिने कार्य गर्दै आएको उनले जानकारी दिए।
समितिमा प्राप्त विभिन्न चार विधेयकमाथि बृहत् छलफल गरी पारित भएको छ । समितिको कार्यक्षेत्रसँग सम्बन्धित विशिष्टकार्य सम्पादन गर्न स्थलगत अनुगमन र विभिन्न विधेयकको अनुगनम गर्न समितिले विषयगत उपसमित गठन गरेको, बालसुधार गृहको अनुगमन, मानव अधिकारको क्षेत्रमा भएका काम कारबाहीबारे छलफल गरिएको समितिले जनाएको छ ।
समितिका सभापति सुवेदीले संसदीय समितिलाई आगामी दिनमा थप क्रियाशील बनाउन समितिमा रहेका दलबीच समन्वय र सहकार्य हुनुपर्ने, समितिलाई स्रोतसाधन सम्पन्न बनाउने गरी सरकार र समितिबीचको समन्वय र सम्बन्ध सुमधुर बनाउनुपर्ने आवश्यकता रहेको खाँचो औँल्याए ।
रासस



# ‘अब जनताको अवस्था परिवर्तनका निम्ति जागरुक हुनुपर्छ’

**मा.शक्तिबहादुर बस्नेत**

***काठमाडौँ***
*नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव तथा प्रतिनिधिसभाका सदस्य शक्तिबहादुर बस्नतले जनताको अवस्था परिवर्तनका लागि सबै राजनीतिक दलबीच एकता हुनुपर्नेमा जोड दिनुभएको छ । जाजरकोटबाट निर्वाचित सांसद बस्नेतले व्यवस्था परिवर्तन भइसकेको प्रसङ्ग उल्लेख गर्दै सरकार र राजनीतिक दल जनताको आवश्यकता पूरा गर्नतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो । सांसद बस्नेतसँग राससका समाचारदाता सुशील दर्नालले लिनुभएको अन्तरवार्ताको सम्पादित अंश ।*

राजनीतिक दलको लामो सङ्घर्षबाट हामीले देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौँ, देशको व्यवस्था परिवर्तन भएको छ, अब जनताको अवस्था अझै सुधार गर्न के गर्न सकिन्छ ?

हामीले राजनीतिक व्यवस्था बदलेका छौँ । राजनीतिक दृष्टिले लोकतन्त्रलाई उन्नत बनाएका छौँ । तर, लोकतन्त्रलाई आर्थिक र सामाजिक जीवनमा विस्तारित गर्ने कुरामा मेहनत गर्नुपर्ने छ । त्यसको निम्ति आवश्यक आर्थिक नीति बदल्नुपर्ने छ । हाम्रो व्यवस्थाले लोकतान्त्रिक मूल्यमा आधारित समाजवाद उन्मूख राज्य व्यवस्थामा समावेशी व्यवस्था भन्छ । व्यवस्थाले विपन्न नागरिकलाई प्राथमिकता दिने कुरा गर्छ । तर, हाम्रो आर्थिक नीतिहरु त्यसलाई सहयोग गर्ने खालका बन्न सकेका छैनन् । पञ्चायतकालमा बजारमुखी अर्थतन्त्रका कुरा अगाडि सारिएको थियो । तर अहिलेको हाम्रो राजनीतिक व्यवस्थाले सहकारी क्षेत्रको सहभागितासहितको मिश्रित अर्थतन्त्रको कुरा गरेको छ । अहिलेको व्यवस्थाले हाम्रो आर्थिक सिद्धान्त र आर्थिक नीतिलाई बनाउनुपर्ने कुरा गर्छ । राजनीतिक व्यवस्था नयाँ छ, तर आर्थिक नीति पुरानै छ । अहिलेको राजनीतिक व्यवस्था माओवादीको एजेन्डा थियो । तर, कार्यान्वयन गर्ने जिम्मेवारी अरूकै हातमा प¥यो । नीति र नेतृत्वबीचमा खाडल छ । जसले व्यवस्था ल्यायो, उसले नेतृत्व गर्न पाएन । नीति र नेतृत्वको दूरीले कार्यान्वयनको क्षेत्रमा समस्या भएको छ । अर्को कुरा, राजनीतिक व्यवस्था परिवर्तन गर्न हामी सबै जागरुक भयौँ । तर अवस्था परिवर्तनमा जागरुक हुन सकेनौँ । त्यसैले अब जनताको अवस्था परिवर्तनको निम्ति जागरुक हुनुपर्छ ।

तपाईँ जाजरकोटबाट निर्वाचित प्रतिनिधि सभाको सदस्य हुनुहुन्छ, निर्वाचनको समयमा जनता समक्ष राखु भएको प्रतिबद्धता कति पुरा गर्नुभयो ?

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा आएपछि जाजरकोट जिल्लामा धेरै कुरामा सुधार भएको छ । २०६३ सालभन्दा अगाडि जाजरकोट देशको मानव विकास सूचाङ्कमा सबैभन्दा पछाडि परेका नौ जिल्लामध्ये एक थियो । कोहीपनि कार्यालय प्रमुख भएर जाजरकोट जान नमान्ने परिस्थिति थियो । त्यति बेला नायब सुब्बाले कार्यालय प्रमुख भएर काम गर्नुपर्ने अवस्था थियो । तर अहिले उपसचिव कार्यालय प्रमुख भएर बसेको अवस्था छ । पछिल्लो समयमा सरकारी तहबाट हुने काममा सुधार हुँदै गएको छ । हामीले जाजरकोटमा पूर्वाधार विकासमा क्रान्ति गरेका छौँ । अहिले सडक पूर्वाधारको दृष्टिले सबै वडामा बाटो पुगेको छ । जिल्लाका सबै सडक कालोपत्र गर्ने क्रममा छौँ । जाजरकोट जिल्लाको सदरमुकामसमेतमा माइक्रो हाइड्रोबाट बिजुली व्यवस्थापन गर्नुपर्ने स्थिति थियो । जिल्लाभरी विद्युतीकरणको प्रक्रिया अगाडि बढेको छ । दुई वटा सबस्टेशनको काम सम्पन्न भएको छ । बाँकी दुई वटा सबस्टेशनको काम भइरहेको छ । त्यसले विद्युत् आपूर्तिमा थप सहज बनाउने विश्वास लिएका छौँ । अब हाम्रो ध्यान आर्थिक, सामाजिक विकासमा हुन्छ ।

**अहिलेको संसदीय अभ्यासलाई कसरी लिनुभएको छ ?**

संसद्लाई बिजनेश सरकारले दिने हो । संसद्लाई बिजनेस दिने, संसद्लाई सक्रिय बनाइराख्ने काम सरकारको हो । सरकारले संसद्लाई सक्रिय बनाउनेभन्दा पनि सरकारले संसद्मा दर्ता भएका विधेयकलाई फिर्ता लिएर अध्यादेशमार्फत कानुन निर्माण गर्ने गरेको छ । त्यसकारण संसद्लाई सक्रिय बनाइ राख्नका लागि सांसदलाई सरकारले दिनुपर्ने बिजनेसप्रति सरकार त्यति गम्भीर भएको जस्तो देखिँदैन । म अहिले भौतिक पूर्वाधार समितिमा छु । विद्युत्सम्वन्धी विधेयक धेरै पहिले नै प्रस्तुत भएको हो । समितिमा छलफल भएर टुङ्गोपनि लागेको छ । तर अन्तिम छलफलको निम्ति समितिले सम्बन्धित मन्त्रीलाई आमन्त्रण गर्न महिनौँदेखि कोशिस गरिरहेको छ । तर मन्त्रीले व्यस्तता भन्दै पन्छाइ रहनुभएको छ । झट्ट हेर्दा समिति सक्रिय नभएको जस्तो देखिन्छ । सरकारले समितिप्रतिको जवाफदेहिता वा जिम्मेवारी बोध गरिरहेको छैन । त्यसले गर्दा कतिपय कामकारबाही प्रभावित भइरहेका छन् । तरपनि यस पटक संसद्ले क्यालेण्डर तयार गरेर काम गरिरहेको छ । सांसदपनि सम्बन्धित विषयमा अध्ययन गरेर, तयारी गरेर संसद्मा बोल्ने कुराको विकास हुँदै गएको छ । एउटा परम्पराको विकास हुन थालेको छ । संसद्मा जनसरोकारका विषयमा आकस्मिक, शून्य वा विशेष समयमा छलफल बह्स हुने गरेको छ । समग्रमा सरकार सदनलाई बिजनेस दिने सवालमा गम्भीर देखिएजस्तो लाग्दैन । किनभने संसदीय समितिमा सत्तारुढ दलको बहुमत छ । सांसदको हैसियतले आफ्ना कुरा राख्नेभन्दा पनि सत्तारुढ दलको निर्देशनको आधारमा कतिपय सांसद चल्नुभएको छ । विद्यालय शिक्षा विधेयक, निजामतिसम्बन्धी विधेयक र सङ्घीय प्रहरीसँग सम्वन्धित विधेयकपनि सरकारकै कारण ढिला हुँदै गएको छ । अर्को कुरा सरकारले नीति तथा कार्यक्रमलाई औपचारिकता मात्रै बनाउने कोशिस गरिरहेको छ । योभन्दा अघिल्लो सरकारले कम्तिमा बजेटका सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम केही महिना अगाडिदेखि छलफल गर्नुपर्छ भनेको थियो । तर अहिले हतारहतारमा हप्ता दिनमै छलफल सक्नुपर्ने छ । बहुमतको आधारमा सरकारले नीति तथा कार्यक्रम पारित गरेको छ । वित्तिय उत्तरदायित्व र कार्यविधिसम्बन्धी जुन ऐन निर्माण भयो । सरकारको नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त र प्राथमिकतासम्बन्धी छलफल र यथार्थमा बजेट निर्माणसम्बन्धी छलफल केवल औपचारिकताका लागि मात्रै गरेको छ । राष्ट्रिय जनसरोकारको विषय बनाउने र ती राष्ट्रिय जनभावनालाई संसद्को छलफलबाट अझ परिस्कृत गर्ने तर्फ संसद्को भूमिका देखिँदैन । त्यसलाई मुर्त गर्ने कुरामा संसद्को जुन भूमिका हुनुपर्ने हो, त्यो हुनसकेको छैन । भूमिकाका लागि सरकारले जुन वातावरण तयार गर्नुपर्ने थियो, त्यो हुन सकेको छैन ।

**संविधान जारी भएको १० वर्ष हुन लाग्यो, यो अवधिमा संविधान कार्यान्वयनको अवस्थालाई तपाईँले कसरी हेर्नुभएको छ ?**

सङ्घीयता कार्यान्वयनसम्बन्धी कानुन अहिलेसम पनि बन्न सकेको छैन । कानुन नबन्दा प्रहरी समायोजन हुन सकेको छैन । विद्यालय शिक्षासम्बन्धी कानुन बन्न नसक्दा समस्या भइरहेको छ । यी कानुन बन्न नसक्दा सङ्घीयता कार्यान्वयनमा प्रत्यक्ष प्रभाव परेको छ । दश वर्षमा संविधानको जति कार्यान्वयन हुनुपर्ने हो, त्यति हुन सकेको छैन । संविधानमा जनताको गाँस, बास, शिक्षा, स्वास्थ्य र रोजगारीलगायत सहभागिता र समानतासँग सम्वन्धित विषय नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्नका लागि जति प्रयास हुनुपर्ने थियो, त्यति हुन सकेको छैन ।

**दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा (एमाले) ले सरकार गठनका क्रममा संविधान संशोधन गर्ने विषयमा सहमति गरेका छन, संशोधनको चर्चापनि चलिरहेको छ, यो विषयलाई तपाईले कसरी विश्लेषण गर्नुहुन्छ ?**

दश वर्षमा संविधानको समीक्षा गर्ने भनेकै छ । समय र परिस्थितिअनुसार संविधानलाई परिमार्जन गर्दै लैजानुपर्छ । यो स्वाभाविक पनि हो । तर, संविधान संशोधन कसरी गर्ने भन्नेबारेमा प्रष्ट हुन सकेको छैन । संवैधानिक व्यवस्थाबारे कतिपय प्रयोगमै आएको छैन । प्रयोगमा आएपछि ठिक वा बेठिकको आधारमा संशोधन गर्ने हो । हामीले राजनीतिक रूपमा सङ्घीयता ल्यायौँ । प्रशासनिक सङ्घीयता र वित्तिय सङ्घीयताको बारेमा हाम्रो ध्यानै पुगेको छैन । जस्तै स्रोतको व्यवस्थापन र परिचालन हुन सकिरहेको छैन । अहिले प्रदेश र स्थानीय सरकार सङ्घीय सरकारको निगाहमा चलिरहेको छ । वित्तिय सङ्घीयताको पाटोमा थप छलफल गरेर जानुपर्ने छ । मेरो विचारमा राजनीतिक स्थिरताको निम्ति निर्वाचन प्रणाली र शासकीय स्वरुपमा संविधान संशोधन गर्नुपर्ने छ । शासकीय स्वरुपलाई प्रत्यक्ष कार्यकारीको व्यवस्था गरौँ, भनेका छौँ । त्यसैगरी निर्वाचन प्रणालीलाई पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा लैजाऔँ भनेका छौँ । त्यो भयो भने व्यवस्थापिका पनि प्रभावकारी हुन्छ । त्यसो गर्दा नीति निर्माण व्यवस्थापिकाप्रति केन्द्रित भएर काम गर्ने स्थिति हुन्छ । अहिले भइरहेको महङ्गो चुनावपनि हुँदैन । अर्को कुरा जनताले पाइरहेको अधिकार कटौती गर्नेगरी संशोधन गर्नु हुँदैन । जनतालाई थप अधिकार सम्पन्न बनाउन संशोधन गर्ने हो ।

**अहिले हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छौँ, यो अहिलेको सङ्घीयतालाई अझै सुध्रिण र बलियो बनाउनका लागि के गर्न सकिन्छ होला ?**

सबैभन्दा पहिला सङ्घीयताको महत्व र आवश्यकतालाई सही ढङ्गबाट आत्मसात गर्नुप¥यो । सङ्घीयतालाई सुधार गर्नुको विकल्प हामीसँग छैन । हामीकहाँ सङ्घीयता नै चाहिँदैन भन्ने पूर्वाग्रह पालेर बस्नेपनि छन् । परिस्थिति अनुसार सङ्घीयतालाई बाध्यात्मक ढङ्गले स्वीकार गरेको एउटा पंक्ति पनि छ । जसले ठिक र बेठिकको आधारमा होइन, पूर्वाग्रहको आधारमा सङ्घीयताबारे टिका/टिप्पणी गरिरहेको छ । भौगोलिक विविधता भएको, समान विकासको अवस्था रहेको छ । सामाजिक/सांस्कृतिक विविधताको आधारमा नेपालमा सङ्घीयताको बोध गरिएको हो । सङ्घीयता सन्तुलित र समावेशी विकासका लागि हो । लोकतन्त्रलाई जनताको घरआँगनमै पु¥याउन, सामाजिक न्यायको निम्ति सङ्घीयता चाहिएको हो । अर्को कुरा, प्रहरी वा कर्मचारी समायोजनसम्बन्धी कानुन बन्न सकेको छैन, त्यसलाई बनाउनुपर्ने छ । विद्यालय शिक्षा विधेयक पनि सङ्घीयतासँगै जोडिएको छ । सङ्घीयता कार्यान्वयनमा प्रत्यक्ष प्रभाव राख्ने कानुन जतिसक्दो चाँडो बनाउनुपर्ने आवश्यकता छ ।

**तपाई आफैँ पटक पटक सङ्घीय सरकारको मन्त्री भएर काम गरिसक्नु भएको छ, अहिलेको शासन सञ्चालनप्रति तपाईको विश्लेषण के छ ?**

वर्तमान सरकार जनताको आवश्यकतामा केन्द्रित हुन सकेको छैन । संसद्को पहिलो र दोस्रो पार्टी मिलेर सरकार बनाउने प्रक्रिया संसारमा दुर्लभै हुन्छ । यो विशेष परिस्थितिमा मात्रै हुने गरेको छ । तर यो सरकार बनिसकेपछि जनताले त्यति सुशासनको अनुभूति गर्न पाएका छैनन कि जस्तो लाग्छ । सरकारले यो चाहीँ नयाँ काम गऱ्यो है, भनेर भन्न सक्ने अवस्था छैन । ठाउँ पाउन सकिएको छैन । सरकारले एकातिर मुलुकको आर्थिक विकासको कुरा गरिरहेको छ । अर्कोतिर सम्पत्ति शद्धिकरणको हिसाबले नेपाल ‘ग्रे लिस्ट’मा परेको छ । तर, सरकारले नेपाल ग्रे लिष्टमा पर्नुको दोष अरुलाई दिइरहेको छ । नेपाल राष्ट्र बैंकको गर्भनर सेवा निवृत्त हुनुभन्दा एक महिना अगाडि नियुक्त गर्नुपर्ने हो । तर महिनौँदेखि नियुक्त हुन सकेको छैन । यसले सरकारको सुशासन र आर्थिक विकासको नारालाई खिल्लि उडाएको जस्तो लाछ । यसबाट पनि प्रष्ट हुन्छ कि, सरकार राज्यका विभिन्न निकायमा आफ्नो दलको प्रतिनिधित्व कसरी गराउने भन्नेमै केन्द्रित छ ।

**अन्त्यमा, आजभोली तपाईँ केमा व्यस्त हुनुहुन्छ ?**

संसद्को बर्खे अधिवेशन सुरु भएको छ । यो बजेट अधिवेशन पनि भएकाले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटको तयारीसँग सम्बन्धित विषय छन् ।

सँगसँगै निर्वाचन क्षेत्रका प्राथमिकता र सरोकारका विषयलाई नीति तथा कार्यक्रम र बजेटमा समावेश गराउने कामपनि भइरहेको छ । यो बीचमा संसद्को खालि समयलाई सदुपयोग गर्दै आफू निर्वाचित क्षेत्रमा पुगेर जनताको समस्या बुझ्ने र समाधानको निम्ति पहल गर्ने काम भएको छ । अर्को, हाम्रो पार्टी अहिले अभियानमा छ । मैले युवा, विद्यार्थी, खेलकुद, भूतपूर्व सैनिक सङ्गठनलगायतको संयोजनको काम गरिरहेको छु । कतिपय प्राकृतिक स्रोतसँग सम्बन्धित विभागको संयोजन पनि गरिरहेको छु । त्यसअन्तर्गत अहिले वाइसिएल र खेलकुद क्षेत्रको राष्ट्रिय सम्मेलनको तयारी भइरहेको छ । रासस

# प्रधानमन्त्रीले रुसी प्रतिनिधि मण्डलसँग भने, ‘नेपालीलाई अब रुसी सेनामा भर्ना नगरि दिनुहोस



**काठमाडौं,**
।प्रधानमन्त्री केपी शर्मा ओलीसँग रुसी महासङ्घअन्तर्गतको काल्मिकियाका प्रमुख बाटु कासिकोभ नेतृत्वको प्रतिनिधिमण्डलले आज शिष्टाचार भेट गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटका अवसरमा नेपाल र रुसबीचको मित्रवत सम्बन्धका विविध आयामबारे छलफल भएको छ । प्रमुख कासिकोभले आगामी सेप्टेम्बरमा काल्मिकियामा आयोजना हुने अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा सहभागिताका लागि प्रधानमन्त्री ओलीलाई निम्तो दिएका छन । प्रधानमन्त्री ओलीले रुसका राष्ट्रपति भ्यादिमिर पुटिनलाई नेपालको औपचारिक भ्रमणका लागि नेपालको तर्फवाट निमन्त्रणाको सन्देश सुनाइदिन समेत आग्रह गरेका छन ।प्रधानमन्त्री ओलीले नेपाल र रुसबीच कुनै सैन्य सम्झौता नभएको अवस्थामा रुसी सेनामा नेपालीलाई भर्ना नगर्न राष्ट्रपति पुटिनलाई आफ्नो सन्देश सुनाइदिन पनि आग्रह गरे । जवाफमा प्रमुख कासिकोभले अब त्यसरी भर्ना नगराइने विश्वास दिलाए । भेटका अवसरमा नेपालस्थित रुसी राजदूतावासका राजदूत आलेक्सी नोभिकोभ, परराष्ट्र मन्त्रालयका उच्चाधिकारीलगायत सहभागी थिए ।

# विराटनगर महानगरपालिकाको बेरुजु शून्य दशमलव ३२ प्रतिशत

**विराटनगर ।**
छ वटा महानगरमध्ये विराटनगर महानगरपालिकामा सबैभन्दा कम बेरुजु देखिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२औँ वार्षिक प्रतिवेदनमा विराटनगर महानगरको बेरुजु शून्य दशमलव ३२ प्रतिशत मात्र देखिएको हो ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा विराटनगर महानगरको रु छ अर्ब ४४ करोड ७६ लाखको लेखापरीक्षण हुँदा जम्मा दुई करोड आठ लाख ५७ हजार रुपैयाँ मात्र बेरुजु देखिएको हो । आव २०८०/८१ मा २१ करोड रुपैयाँ बेरुजु फछ्र्यौट भएको महानगरको आर्थिक प्रशासन महाशाखाका प्रमुख सञ्जीवकुमार भट्टराईले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७७÷७८ मा एक अर्ब ६३ करोड ५७ लाख ४३ हजार रुपैयाँ बेरुजु रहेकामा आव २०७८÷७९ मा २२ करोड ९४ लाख ८१ हजार रुपैयाँ थपिएको थियो ।

जसमा आव २०७८/७९ मा एक अर्ब १९ करोड ४२ लाख ५२ हजार रुपैयाँबेरुजु फछ्र्यौट गरिएको थियो ।

२०७८/७९ सम्म कूल बेरुजु ७६ करोड नौ लाख ७२ हजार रुपैयाँ रहेकामा आव २०७९/८० मा सात करोड ११ लाख ५३ हजार रुपैयाँ बेरुजु थपिएको थियो । सो आवमा २३ करोड ८३ लाख रुपैयाँ फछ्र्यौट गरिएको थियो ।

आव २०७९/८० सम्म कूल बेरुजु ५० करोड ३८ लाख २५ हजार रुपैयाँ बाँकी रहेकामा आव २०८०/८१ मा दुई करोड आठ लाख रुपैयाँ थपिएको र २१ करोड रुपैयाँ फछ्र्यौट भई आव २०८०/८१ मा जम्मा ३१ करोड ४६ लाख २५ हजार बेरुजु बाँकी रहेको महानगरपालिकाका आर्थिक प्रशासन महाशाखा प्रमुख भट्टराईले जानकारी दिए ।

गत तीन आर्थिक वर्षको महानगरको कूल बेरुजु एक अर्ब ६३ करोड ५७ लाख ४३ रुपैयाँ हजार थियो । महानगरको बेरुजु हरेक आव घट्दै गएको उनको भनाइ थियो ।

आव २०७९/८० मा सात करोड ११ लाख ५३ हजार रुपैयाँ बेरुजु रहेकामा २०८०/८१ मा दुई करोड आठ लाख रुपैयाँ मात्रै बेरुजु देखिएको छ । जुन शून्य दशमलव ३२ प्रतिशत मात्रै हो ।

महानगरपालिकाका प्रमुख नागेश कोइरालाले आफूल नेतृत्व संहालेदेखि बेरुजुलाई शून्यमा झार्ने लक्ष्यका साथ काम गरिरहेको बताए । महानगरपालिकाको नेतृत्वमा आउँदा झण्डै दुई अर्ब रुपैयाँ बेरुजु रहेकामा अहिले कूल बेरुजु रकम ३१ करोड रुपैयाँमा झार्न सफल भएको प्रमुख कोइरालाको भनाइ छ ।रासस

# कर्मचारीतन्त्रको दक्षता अभिवृद्धि जरुरीः सांसद श्रेष्ठ

**काठमाडा ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद सुमना श्रेष्ठले कर्मचारीतन्त्रको दक्षताअभिवृद्धि नगरेसम्म सरकारले ल्याएका योजना कार्यान्वयनको चुनौती यथावत रहने बताएकी छन ।

प्रतिनिधिसभाको बिहिवारको बैठकमा आर्थिक वर्ष २०८२०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा भाग लिँदै उनले कर्मचारीतन्त्रलाई एकरुपता दिन र उनीहरुको दक्षता अभिवृद्धिका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्रेष्ठले सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन कर्मचारीको क्षमता विकास लक्षित कार्यक्रम अनिवार्य भएको सुझाब दिए । सरकारले राम्रो नियतले अघि सारेका नीतिले समेत सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन गाह्रो भइरहेको उल्लेख गर्दै उनले कर्मचारीमा दलीय संयन्त्र हटाउनुपर्नेमा जोड दिए ।

‘जनप्रतिनिधिले ‘डेलिभरी’ दिने होइन कर्मचारीले गर्ने हो, हाम्रो डेलिभरीमा इफिसेन्सी चाहिन्छ ।

कर्मचारीतन्त्रको इफिसेनसी बढाउनुपर्छ’, उनले भने, ‘जनप्रतिनिधिका आफ्नै आयोजना हुन्छन्, ती आयोजना बजेटमा समावेश गराउँदा कर्मचारीहरु सोही गतिमा काम गर्न नसक्ने अवस्था छ, यो व्यवहारिक समस्या हो यसलाई समाधान गर्नुपर्छ ।

उनले कृत्रिम बौद्धिकताबाट उपलब्धी हासिल गर्नका लागि तथ्याङ्क नीति बनाउनु अनिर्वाय भएको बताए । प्राथमिकता निर्धारण आवश्यकताका आधारमा गर्न सुझाव प्रस्तुत गर्दै उनले होडबाजी नगर्न आग्रह समेत गरे । ‘जनप्रतिनिधिले आफनो निर्वाचन क्षेत्रमा बजेट–बजेट भन्ने हो भने निर्वाचन त जितिन्छ, देश बन्दैन ।

होडबाजीमा बजेट ल्याउनु हुदैन’, सांसद श्रेष्ठले भने ।रासस

# नवविवाहिता मृत्यु प्रकरणः मुख्य आरोपी फरार, बिचौलियाको चलखेल



**मधेशदृष्टि**
**रौतहट ।**
कटहरिया नगरपालिका–५ मा विवाह भएको ६ महिना नपुग्दै नवविवाहिता मुस्लिम महिलाको मृत्युको घटनासंग जोडिएका मुख्य आरोपी फरार भएका छन्। घटना दबाउन र दोषीलाई कारबाहीबाट बचाउन बिचौलियाको चलखेल शुरु भएको छ। बिचौलियाले प्रहरीसँगै पीडित परिवारलाई अनेकन दबाब र प्रभावमा पार्न चलखेल शुरु गरेको हो । कटहरिया–३ बड़ेरवा टोल घरभई कटहरिया–५ बजार क्षेत्रमै घर भएका अहमद राय भाटको छोरा अरमान राय भाटको श्रीमती २१ वर्षीया सानिया प्रविनको शंकास्पद मृत्यु भएको थियो । माइती पक्षले दाइजोको कारण हत्या गरिएको दाबी गर्दै घटनाको छानबिन गरी कडा कानूनी कारबाही हुनुपर्ने माग गर्दै इलाका प्रहरी कार्यालय गरुडामा आएका छन् । घटनाििपछ मुख्य आरोपी मृतक सानियाका श्रीमान अरमान राय भाट फरार भएका छन् । तर बिचौलिया भने दिनभर इलाका प्रहरी कार्यालय गरुडाको चक्कर लगाइरहेका छन् । मृतकका बुबा भारत बिहार मोतीहारी जिल्ला सुगौली नगरपालिका–११ राय टोला निमोई गाउँका महमद मोलाजीम रौशनका अनुसार दाइजोको कारण छोरी सानियालाई दैनिकजसो कुटपिट गरी ज्वाइँ अरमानसहित सपरिवार मिलेर हत्या गरेको छ। विवाह भएको ६ महिना भयो तर विभिन्न सामान, दाइजोमा र पैसा पनि माग गर्दै छोरीलाई एकपटक पनि माइती जान नदिएको स्पष्ट पारेका छन् । घटनाको अघिल्लो दिन छोरी सानियासँग फोनमा कुराकानी भएको थियो । सम्धी अहमद रायले छोरीलाई माइती पठाउन सहमत भएका थिए । सोही सहमति अनुसार घटनाको एकदिनअघि छोरीले फोन गरेर भनेकी थिइन् बुबा गाड़ी लिएर भोलि आउनु होला साथसाथ घर जाने । छोरीलाई माइतीबाट कुर्बानी पर्वअघि बिदा गर्ने सम्धी अहमदसँग सहमति भएको थियो । छोरी सानिया मर्नु अघि २ घन्टाअघि भिडियो कल गरेर भोलि आउने भन्दै आफ्नो आमालाई बताएकी थिइन् । यो समय छोरी निकै खुसीका साथ कुरा गरेकी थिइन् । त्यसको मात्र २ घन्टापछि ज्वाइँ अरमान घरको छतमाथिबाट कोठामा आएर छोरीको घाँटी थिचेर मारेको बुबा मोलाजिम रोशनले बताए । छोरी सानियाको ६ महिनाअघि अरमानसँग विवाह गर्दा दाइजोमा फर्निचर, वासिङ फ्रिज, कुलर पंखा, नाक, कान, घाँटीमा सुनको गहना सुनको औँठीलगायत सम्पूर्ण सामान दिएको उनले बताए । छोरी सानियाको बिदा गर्न पटकपटक भन्दा कहिले केटिएम मोटरसाइकल त कहिले १ लाख भारु माग गरेको, केहीदिन अघि घरमा एसी जडान गर्न माग गरेको थियो । उनीहरूको माग पूरा गर्न नसकेको कारण विशेष गरी सम्धिनीसँग मिलेर रमानाले छोरी सानियाको घाँटी थिचेर हत्या गरी पंखामा झुण्याएर आत्महत्या देखाउन खोजेको मृतकका बाबु मोलाजीम रौशनले दाबी गरेका छन् । सम्धी अहमदको अर्को छोरा लालबाबु राय भाटसँग आफ्नो अर्की छोरी नगमा प्रविनको १० वर्षअघि विवाह गरेको थिए । अहिले नातिनातिनी सबै छन् र खुसीका साथ गुजारा गरिरहेका छन् । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले हिजो बुधबार अर्की छोरी नगमा र ज्वाइँ लालबाबु लाई बोलाएर ब्यान लिंदा घटनामा आरोपी अरमान पुरै दोषी भएको बयान दिएको मोलाजीमको भनाइ रहेको छ। इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले घटना सम्बन्धमा अनेक कोणबाट अनुसन्धान भइरहेको छ। मुख्य आरोपीलाई झिकाउन प्रहरी पठाएपनि उनी सम्पर्कविहीन भएका छन् । यस घटनाबारे मुद्दा दर्ता गर्न नगर्न कैयौँ मानिसबाट सिफारिसका साथ अनेक प्रकारका प्रस्ताव आइरहेको डिएसपी कार्कीले स्वीकार गरेका छन् । मानिसको ज्यान गएको घटना हो, सिफारिस गर्नेको कुरा छोडौँ सिफारिस आइरहन्छ तर अनुसन्धानबाट दोषी ठहर भएमा कारबाहीको दायरामा ल्याउने प्रतिवद्धता जनाएका छन् ।

**के हो घटना ?**
आइतबार दिउँसो आफ्नै घरको कोठामा साडीको पासो बनाइ सिलिङ फ्यानमा झुण्डिएको अवस्थामा सानियाको शव भेटिएको थियो । घटनाको खबरलगत्तै इलाका प्रहरी कार्यालय कटहरिया र इलाका प्रहरी कार्यालय गरुडाको संयुक्त टोलीले घटनास्थलमा पुगेर मुचुल्का तयार गरी शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाएको थियो । पोष्टमार्टमपछि मृतकको शव माइती पक्षले बुझेर लगेर सद्गद् गरिसकेका छन् । सानियाको सासुससुरालगायतकाले उनी पासो लगाएर आत्महत्या गरेको बताइरहेका छन् । माइती पक्षले छोरीको हत्या गरेर शव झुण्ड्याएर आत्महत्या देखाउन खोजेकाले घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही माग गरेका छन् ।

मृतकको काका सोलाजीम रौशनले हामी भारतबाट आएका छौँ, यहाँको भाषा, यहाँको कानूनबारे थाहा छैन तर यहाँको प्रहरीमाथि विश्वास छ, हामीलाई अवश्य न्याय दिन्छ भनेका छन्। ज्वाइँ पक्षका केही मानिसले थाना म्यानेज गरिसकेको भनिरहेका छन् तर डिएसपी कार्की र यहाँको कानूनमाथि पूर्ण विश्वास छ काका सोलाजीमाले बताएका छन् । कटहरिया नगरपालिकास्थित स्थानीय निकायको निर्वाचनमा पराजित भएका कतिपय दलका नेता अहिले, प्रहरी, सरकारी वकील र अदालतसम्मको दलाली गरिरहेको स्थानीयले बताए ।

# जनकपुरधाममा हत्या प्रकरणको विरोधमा यौनिक तथा लैंगिक अल्पसंख्यकको प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा गत चैत २ गते घटेको हत्या घटनामा संलग्न सबै आरोपी पक्राउ गर्न माग गर्दै बिहीबार लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूले सशक्त विरोध प्रदर्शन गरेका छन् । जनकपुरधामको प्रमुख व्यस्त क्षेत्र रामानन्द चोकमा सडक अवरुद्ध गर्दै गरिएको प्रदर्शनमा आक्रोशित समूहले न्यायको मागसहित सरकार र प्रशासनविरुद्ध नाराबाजी गरेका थिए । 'भ्रष्ट सरकार मुर्दावाद', 'स्थानीय प्रशासन मुर्दावाद', 'न्याय मरेको देश' जस्ता नारासहित उनीहरूले प्लेकार्ड बोकेर प्रदर्शन गरे । गत चैत २ गते जनकपुरधाम उपमहानगरपालिका–२३ बिन्धीमा होलीको दिन अर्चना यादवका १७ वर्षीय छोरा आशु यादवको छुरा प्रहार गरी हत्या गरिएको थियो । घटनामा संलग्न आरोपितमध्ये प्रहरीले हालसम्म दुई जनालाई मात्रै पक्राउ गरेको छ भने अन्य पाँच जना अझै फरार छन् । फरार अभियुक्तहरूलाई कारबाहीको दायरामा ल्याउन ढिलाइ भएको भन्दै प्रदर्शनकारीहरूले कडा विरोध जनाएका हुन् । प्रदर्शनको क्रममा आक्रोशित भिडले एक दर्जनभन्दा बढी सवारीसाधन तोडफोड गरेको छ । सवारीसाधनमाथिको आक्रमणपछि करिब एक घण्टासम्म जनकपुर–ढल्केवर सडकखण्ड अन्तर्गतको रामानन्द चोक पूर्णरूपमा अवरुद्ध भएको थियो । प्रदर्शनमा सहभागीहरूका अनुसार राज्यले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायप्रति बेवास्ता गर्दै न्याय नपु¥याउने प्रवृत्ति देखाइरहेको छ । उनीहरूले यो घटनालाई सामान्य हत्या नभई एकदमै संगठित र पूर्व योजनाबद्ध आक्रमणका रूपमा लिएका छन् । धनुषा प्रहरीले भने बाँकी फरार आरोपीको खोजी तीव्र पारिएको र चाँडै नै सबैलाई कानुनी दायरामा ल्याइने दाबी गरेको छ । तर, पीडित परिवार र प्रदर्शनकारी समुदाय राज्यको सो दाबीप्रति विश्वस्त देखिएका छैनन् ।

# जलेश्वर प्रादेशिक अस्पतालमा औषधिको चरम अभाव, उपचार प्रभावित




**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा अवस्थित प्रादेशिक अस्पतालमा पछिल्लो दुई महिनादेखि औषधिको अभाव गहिरिँदै जाँदा उपचार सेवा प्रभावित हुन थालेको छ । सरकारले तोकेको ९८ प्रकारका निःशुल्क औषधिहरू उपलब्ध गराउनु पर्ने व्यवस्था रहे पनि अहिले सामान्य र अत्यावश्यक औषधि समेत अस्पतालमा उपलब्ध नभएपछि हजारौँ बिरामी मर्कामा परेका छन् । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. विकास साहका अनुसार अस्पतालमा दैनिक औसत तीन सयदेखि चार सयसम्म बिरामी आउने गरेका छन् । तर, हाल औषधिको अभावका कारण अस्पतालबाट बिरामीलाई खाली हात फर्काउनुपर्ने स्थिति आएको छ । 'पछिल्ला दुई महिनादेखि सिटामोलजस्ता सामान्य औषधि पनि छैनन् । आकस्मिक कक्षमा प्रयोग हुने औषधिहरू आफ्नै स्रोतबाट किनेर व्यवस्थापन गरिरहेका छौँ, तर यो व्यवस्था पनि अब टिक्ने अवस्थामा छैन,' डा. साहले भने । जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिका रहेका छन् । यी सबै क्षेत्रका बिरामीको भर पर्ने जलेश्वर प्रादेशिक अस्पताल अहिले औषधिको चरम संकट झेलिरहेको छ । अस्पतालमा रहेको छवटा बहिरङ्ग (ओपिडी) कक्षमा दैनिक २५ देखि ३० बिरामी, मेडिसिन कक्षमा ४०–५० बिरामी र आकस्मिक कक्षमा दैनिक ४० जना सम्म बिरामी आउँछन् । बढ्दो भीडका कारण आकस्मिक कक्षमा शय्याको समेत अभाव हुने गरेको डा. साहको भनाइ छ । अस्पतालको आकस्मिक कक्षका अनुसार अत्यधिक गर्मीका कारण पछिल्लो समय रुघा, खोकी, ज्वरो, टाइफाइड, झाडापखाला, निमोनिया, जण्डिस र भाइरल ज्वरोका बिरामीको सङ्ख्या ह्वात्तै बढेको छ । अस्पतालमा पहिले दैनिक तीन सयको हाराहारीमा बिरामी आउने गरेका थिए भने हाल यो संख्या चार सय नाघिसकेको छ । गर्मीका कारण छालासम्बन्धी विभिन्न संक्रमण समेत व्यापक रूपमा देखिन थालेको छ । यसैबीच, डा. साहले मधेश प्रदेश सरकारअन्तर्गतको स्वास्थ्य निर्देशनालय, सम्बन्धित विभाग तथा संघीय सरकारलाई औषधि अभावको विषयमा पटक–पटक जानकारी गराइसकेको बताए । तर, अझैसम्म कुनै ठोस समाधान नआएको भन्दै उनले चिन्ता व्यक्त गरे ।

'हामीले तत्कालका लागि केही औषधि आफैँ किनेर व्यवस्थापन गरेका छौँ, तर स्रोतको अभावका कारण यो व्यवस्था लामो समयसम्म सम्भव छैन,' डा. साहको भनाइ छ । स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार हो भन्ने संविधानको भावना विपरीत, राज्यकै अस्पतालमा औषधिको अभाव हुनु अत्यन्तै दुर्भाग्यपूर्ण र चिन्ताजनक विषय हो । स्थानीयवासीहरू र बिरामीका आफन्तहरूले पनि अस्पतालको वर्तमान अवस्थाप्रति आक्रोश व्यक्त गर्दै सरकारलाई तत्काल हस्तक्षेप गर्न माग गरेका छन् ।

बिरामीहरू निःशुल्क औषधिको भरमा अस्पताल पुग्छन्, तर अहिले औषधिको सट्टा उनीहरू निराश भएर फर्किनुपर्ने बाध्यता आएको छ । स्थानीय जनप्रतिनिधि, सरोकारवाला निकाय र नागरिक समाजले यो समस्यालाई शीघ्र सम्बोधन गरी औषधिको सहज आपूर्ति सुनिश्चित गर्न माग गरेका छन् । समयमै औषधि आपूर्ति नगरिए स्वास्थ्य संकट अझ गम्भीर हुने चेतावनी चिकित्सकहरूले दिएका छन् ।

# तेस्रो जनकपुरधाम मेयर कपको फाइनल आज,
## बारा र लखनऊ आमनेसामने हुँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तेस्रो जनकपुरधाम मेयर कप ट्वान्टी–२० क्रिकेट प्रतियोगिताको फाइनल समिकरण तय भएको छ । बिहीबार रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशालामा सम्पन्न दुई रोमाञ्चक सेमिफाइनल खेलपछि नेपाली टिम बारा र भारतीय टिम लखनऊ उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् । अब शुक्रबार हुने फाइनल खेलमा यी दुई बलियो टिम आमनेसामने हुँदैछन् । पहिलो सेमिफाइनल खेलमा भारतको लखनऊले नेपालको महोत्तरीलाई १ सय ३० रनको लक्ष्य पछ्याउँदै १९ ओभर ५ बलमा ९ विकेट गुमाएर रोमाञ्चक जित दर्ता गर्यो । लखनऊका बलर मनिष सिंहले उत्कृष्ट प्रदर्शन गर्दै ४ ओभरमा २६ रन खर्चेर ३ विकेट लिए । उनी यस खेलको म्यान अफ द म्याच घोषित भए । यस्तै, शिव सिंहले २ विकेट तथा आशमित मिश्रा र शैलेन्द्र सिंहले समान १–१ विकेट लिए । महोत्तरीका लागि ओपनर रविकुमार सिंहले शानदार अर्धशतक बनाउँदै ४९ बलमा ५६ रन जोडे । उनले २ छक्का र ४ चौकाको सहयोगमा टिमको इज्जत जोगाए । अन्य ब्याटरमध्ये अविनास अधिकारीले २२ बलमा २३ रन, सुजित साहले १० र नविन कुमार यादवले ११ रन जोडे । लक्ष्य पछ्याउने क्रममा लखनऊका सुधिर सिंहले २३ बलमा २६ रन, पृथुल मेहताले २८ बलमा २३ रन, समित पाठकले १३ रन, अंकित सिंह र सुभम यादवले समान १२–१२ रन बनाएर टोलीलाई फाइनलमा पुर्याए । महोत्तरीका बलर नितेशकुमार यादव र अकाश मण्डलले समान २ विकेट लिए भने अभिषेक तिवारी, धवन कुमार सहनी र रमेश सहनीले एकरएक विकेट लिए । त्यस्तै, दोस्रो सेमिफाइनल खेलमा बाराले भारतको मुजफ्फरपुरलाई २५ रनले पराजित गर्दै फाइनल यात्रा तय गर्यो । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बाराले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर २ सय १३ रनको विशाल स्कोर खडा गर्यो । बाराका लागि राष्ट्रिय टिमका अलराउन्डर आदिल अन्सारीले निलम्बन फुकुवापछि पहिलो प्रतियोगितामै धमाकेदार प्रदर्शन गरे । उनले ४३ बलमा ७ चौका र ५ छक्का प्रहार गर्दै ८० रन बनाएका थिए । यसैगरी रवि साहले ३४ बलमा ५० रन, विवेक यादवले १३ बलमा ३६ रन, र कप्तान पवन सराफले १२ बलमा १८ रनको योगदान दिए । मुजफ्फरपुरका लागि मोहित कुमारले ४ ओभरमा ३९ रन खर्चेर २ विकेट लिए । साथै आदित्य कुमार, हर्ष कुमार र सचिन कुमार सिंहले एक÷एक विकेट लिए । २१३ रनको विशाल लक्ष्य पछ्याउने क्रममा मुजफ्फरपुरले साहसी प्रदर्शन गरे पनि १९ ओभर ४ बलमै सबै विकेट गुमाएर १ सय ८८ रनमै समेटियो । मुजफ्फरपुरका इमरान नाजिरले २४ बलमा ४० रन, मोहमद तौफिकले २२ बलमा ३४ रन, अलोक कुमारले २२ बलमा २७ रन, रवि शर्मा र मोहित कुमारले समान २०–२० रन बनाए । बलिङतर्फ बाराका विवेक यादव चम्किए । उनले ३.४ ओभरमा २९ रन खर्चेर ५ विकेट लिएर विपक्षीको कम्मर भाँचिदिए । भुलावन सहनी, साहव आलम, कमल गुप्ता, पवन सराफ र निखिल सिंहले एकरएक विकेट लिए । विवेक यादव म्यान अफ द म्याच घोषित भए । अब शुक्रबार हुने फाइनल खेलमा बारा र लखनऊ उपाधिका लागि भिड्नेछन् । प्रतियोगितामा बाराले पर्सा, दिल्ली र मुजफ्फरपुरलाई पराजित गर्दै फाइनल यात्रा तय गरेको हो भने लखनऊले रौतहट, सिरहा र महोत्तरीलाई हराउँदै उपाधि नजिक पुगेको हो ।

# संघीय लोकतान्त्रिक मोर्चाको बैठक सम्पन्न, राजवन्दी रिहाई र संविधान संशोधनको माग

**मधेशदृष्टि**
**काठमाडौँ ।**
संघीय लोकतान्त्रिक मोर्चाको बैठक बिहीबार लोसपाको केन्द्रीय कार्यालय बबरमहलमा सम्पन्न भएको छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा बसेको उक्त बैठकले मुलुकको पछिल्लो राजनीतिक, आर्थिक र सामाजिक अवस्थालाई गम्भीर रूपमा समेट्दै केही महत्वपूर्ण निर्णयहरू गरेको छ । बैठकले आगामी आर्थिक वर्षको बजेट तयारी सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउँदै देशभरि न्यायोचित ढंगले बजेट वितरण गर्न माग गरेको हो । विशेषगरी जनसंख्या घनत्व र मानव विकास सूचकांकलाई आधार मानेर बजेट विनियोजन हुनुपर्नेमा जोड दिँदै मधेश, तराई तथा सीमान्तकृत क्षेत्रहरूमा विकास पूर्वाधारको सन्तुलित पहुँच सुनिश्चित गर्न सरकारलाई आग्रह गरिएको छ । बैठकले विगतदेखि नै राज्यबाट उपेक्षा हुँदै आएका भूगोल र समुदायको आर्थिक विकास सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याउँदै वर्तमान बजेट प्रणालीले असमानता झनै गहिरिएको भन्दै त्यसको पुनरावलोकन गर्नुपर्ने बताएको छ । संघीय लोकतान्त्रिक मोर्चाले मधेश जनविद्रोह, थरुहट आन्दोलन, लिम्बुवान, खम्बुवान लगायतका विभिन्न पहिचानवादी र स्वायत्तता आन्दोलनका क्रममा झूटा मुद्दा लगाइ जेलमा राखिएका राजबन्दीहरूको तत्काल विना शर्त रिहाइको माग गरेको छ । बैठकमा सहभागी नेताहरूले राजनीतिक आन्दोलनलाई अपराधिकरण गर्ने प्रवृत्तिको विरोध गर्दै सरकारले राष्ट्रिय मेलमिलाप र शान्तिको मार्गमा अग्रसर हुन पूर्वाग्रही मुद्दाहरू खारेज गर्नुपर्ने धारणा राखेका थिए । साथै, यस विषयमा तत्काल पहल नहुँदा सामाजिक तनाव बढ्ने खतरा रहेको चेतावनी पनि दिइएको छ । संसद्मा प्रस्तुत भई बहसमा रहेको भूमि विधेयकप्रति संघीय लोकतान्त्रिक मोर्चाले चासो व्यक्त गर्दै उक्त विधेयकको गहिरो अध्ययन गरी समग्र मोर्चाको साझा धारणा बनाउने निर्णय गरेको छ । भूमिको स्वामित्व, वितरण र प्रयोगका विषयमा विगतदेखि उठ्दै आएका गुनासाहरूलाई सम्बोधन गर्ने गरी विधेयक संशोधन गर्नुपर्ने विषयमा पनि बैठकमा छलफल भएको जनाइएको छ । त्यस्तै, संविधान संशोधनको विषयलाई मोर्चाले उच्च प्राथमिकतामा राख्दै त्यससम्बन्धी स्पष्ट अवधारणा पत्र यथाशिघ्र तयार गर्न सचिवालयलाई निर्देशन दिएको छ । मोर्चाका अनुसार मुलुकमा जातीय, भौगोलिक र सांस्कृतिक विविधता अनुसारको समावेशी शासन संरचना निर्माणका लागि संविधानमा आवश्यक संशोधन अपरिहार्य भएको उल्लेख गरिएको छ । बैठकको अध्यक्षता गर्दै लोसपाका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले भने, 'संघीय लोकतान्त्रिक मोर्चाको संघर्ष कुनै व्यक्तिविशेषको लागि नभई संविधान प्रदत्त अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न र उपेक्षित समुदायको हक अधिकार सुनिश्चित गर्न हो । अबको संघर्ष नीतिगत परिवर्तनका लागि हुनेछ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन